# परिच्छेद एक : परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

इतिहासको कुनै पनि समयमा पराधिन हुन नपरेको नेपाल एसिया महादेशको मध्य भागमा रहेको एक भूपरिवेष्ठित सानो पहाडी मुलुक हो, जसले विश्वको ०.०३ प्रतिशत र एसियाको ०.३ प्रतिशत भू-भाग ओगटेको छ । यस देशको दुर्गम पहाडी भागका कारणले प्रचीनकालदेखि नै विदेशी आक्रमणकारीहरुवाट मुक्त तथा विदेशी शरणार्थीहरुका लागि आश्रय स्थल बनेको यो देशमा विभिन्न कालखण्डमा विभिन्न बंशका राजाहरुले शासन गरेका तथा विभिन्न जातिहरु कोही शरणार्थीको रुपमा त कोही अन्य विभिन्न उद्देश्यले आई बसोबास गरेका हुनाले यो देश बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक देशका रुपमा विकसित रहेको पाइन्छ । त्यसैले नेपालका विभिन्न जातजातिहरुका आ-आफ्नै जातीय संरचना, मौलिक संस्कृति, भाषा, धर्म, रीतिरिवाज, भेषभुषा र शैक्षिक अवस्थामा विविधता रहेको पाइन्छ । नेपालको प्राकृतिक सम्पदा जस्तै यी सांस्कृतिक धरोहरहरु पनि नेपालको सौन्दर्यका प्रतीक मात्र नभई अमूल्य निधि पनि हुन् ।

नेपालको एकीकरण पछिको समयमा हिन्दुकरण र नेपालीकरणको प्रकृया तिव्र भएपछि धेरै आदिवासी-जनजातिहरुका आफ्नो भाषा, संस्कृति संकटमा परेको तथ्य माथि वर्तमान समयमा चर्चा हुने गरेको छ । सरकारले पनि जनजाति तथा सिमान्तकृतहरुको हकहितका लागि यथाशक्य प्रयास गरिरहेको पाइन्छ । राष्ट्रको सविधान र अन्य व्यवस्थाले जातजातिहरुको स्वतन्त्र विकासका लागि भाषा, संस्कृतिको उत्थान, शिक्षामा व्यापक सहभागिता, महिला शिक्षामा विशेष जोड, मातृ भाषामा शिक्षा लिन पाउने व्यवस्था गरेकाले पिछडिएका जातिहरुमा विकासका सम्भावनाहरु देखिए तापनि आशालाग्दो सहभागिता भने हुन सकेको देखिदैन् ।

नेपालमा विभिन्न जनजातिमध्ये माझी जाति पनि एक हो । माझी जातिको छुट्टै आफ्नो भाषा छ । माझी जातिले बोल्ने भाषालाई माझी भाषा वा “माझी कुरो” भनिन्छ । भाषाशास्त्रीहरुको कथन अनुसार माझी भाषा भारोपेली भाषा परिवारमा पर्दछ । जनजातिहरुको मुख्य पहिचान नै ‘मातृभाषा’ हो । यस भाषाको

लिपि छैन र त्यसकारण हाललाई देवनागरी लिपि नै प्रयोग गर्नुपर्ने देखिन्छ । माझी भाषाको दनुवार भाषासँग धेरै नजिकको सम्बन्ध रहेको छ । अन्य विभिन्न भाषासँग पनि केही शब्दहरु मिल्छन् । भाषा विश्वकै अमूल्य नीधि भएकाले माझी भाषा माझी जातिको मात्र सम्पत्ति नभई सम्पूर्ण नेपालीको राष्ट्रिय सम्पत्ति हो । नेपाली भाषाको अतिक्रमण र अन्य भाषाको प्रभावले माझी भाषाका शब्दहरु निकै घटेका छन् । कुनैकुनै बुढापाकाले अहिलेसम्म पनि माझी भाषाबाहेक दोश्रो भाषा बोल्न जान्दैनन् । केही जिल्लाका केही गाउँका बाहेक अधिकांश माझीहरुलाई माझी भाषा पनि हुन्छ भन्ने समेत पनि थाहा थिएन । नेपाल माझी उत्थान संघको स्थापना पश्चात प्राय सबैलाई माझी भाषा पनि छ भन्ने जानकारी भएको छ । यो भाषाको संरक्षण तथा संवर्द्धन नगर्ने हो भने निकट भविष्यमा नै लोप हुने अवस्थामा पुग्नेछ ।

हालसम्मको अध्ययनमा माझी भाषा बोल्ने मुख्य तीन क्षेत्र देखिन्छन् । सबैभन्दा बढी माझी भाषा बोल्ने तामाकोशीको भु-क्षेत्र हो । दोलखा जिल्लामा पर्ने तामाकोशीको मलेपुघाटदेखि चैतेघाट हुँदै रामेछाप जिल्लामा पर्ने खिम्ती माझी गाँउबाहेक सेलेघाटसम्म सबै माझी गाँउमा माझी भाषा बोल्छन् । रामेछाप जिल्लाकै सुनकोशीमा पर्ने डबखा माझी गाँउमा माझी भाषा नबोले पनि सबैले बुझ्छन् । अझ अनौठो चाँही डबखामा श्राद्धमा माझी भाषाबाट नै गीत गाउँछन् । माझी गाँउको आसपासमा बस्ने अन्य जातिले पनि धेरैले बुझ्दछन् मात्र भने कतिपयले बोल्छन् पनि । सुनकोशी गड्तिरको सिन्धुपाल्चोक जिल्लामा पर्ने भैसें माझी गाउँदेखि काभ्रे जिल्लाको पचुवारघाटसम्म सबै माझी गाउँमा माझी भाषा बोल्छन् । दुधकोशीको ओखलढुङ्गा र खोटाङ्ग जिल्लामा पर्ने सिलौरी घाटदेखि रबुँवाघाट हुँदै टोकसेलघाटसम्म सबै माझी गाउँमा माझी भाषा नबोले पनि धेरैजसो गाउँमा माझी भाषा बोल्छन् भने बुझ्नचाहिँ सबै गाउँमा बुझ्छन् । भुटानमा बसोबास गर्ने माझीहरु धेरैजसो दुधकोशी गड्तिरबाट बसाई सरी गएका हुनाले भुटानका माझीहरु पनि माझी भाषा बोल्छन् । नेपालको भित्री मधेश र मधेश तर्फका माझी र पहाडका माझी भाषा नबोल्ने भन्ने गाउँमा पनि अवशेषको रुपमा धेरै माझी भाषाका शब्दहरु बोल्दछन् । भारतमा पनि नेपालबाट नै माझीहरु बसाई सरी गएका हुनाले त्यहाँ पनि माझी भाषा बोल्ने माझीहरु हुनसक्ने धेरै संभावना छ (माझी, २०६३) ।

माथि भनिएको झै माझी भाषा विशेष गरेर रामेछाप, काभ्रे, ओखलढुङ्गा, खोटाङ्ग र दोलखा जिल्लाहरुमा बोल्छन् तर एकरुपता छैन । अहिलेसम्मको खोजीको आधारमा हेर्दा यो भाषा २५

किसिमले बोल्दछन् । यस भाषाको तीनओटा हाँगा भएको जस्तो देखिन्छ, उदाहरणको लागि नेपाली भाषाको “खानु” शब्दलाई तामाकोशीमा “खा” “खाई” भन्दछन् भने सुनकोशीमा “खारा” र दुधकोशीमा “खार्दा” भन्दछन् । यस अनुसार तामाकोशीकोभन्दा सुनकोशी र दुधकोशीमा बोलीने भाषा नजिक देखिन्छ । कुनैकुनै शब्द एक अर्काले नबुझ्ने पनि छन् । यी तीन क्षेत्रमध्ये तामाकोशी गड्तिरमा माझी भाषाको धेरै शब्दहरु पाइन्छन् भने सुनकोशी र दुधकोशी गड्तिरमा कम पाइन्छ । माझी भाषाको माउभाषा चाहिँ यी २५ किसिममध्ये कुन हो भन्ने छुट्याउन ज्यादै कठिन छ । यो भाषा बोलीचालीमा मात्र सिमित छ, लेख्य परम्परा तर्फ उन्मुख भएको छैन । यस जातिलाई आफ्नो मातृभाषाको महत्व थाहा छैन । आफ्नो मातृभाषाको महत्व नै थाहा नभएपछि यसको संरक्षण गर्नुपर्छ भन्ने सोचाई कहाँबाट आउनु ? माझी भाषाका वक्ताहरुलई नेपाली र अंग्रेजी भाषाले आकर्षण गर्दैछ । माझी भाषाबाट आफ्नो मनको भाव व्यक्त गर्न आगन्तुक शब्दहरुको आवश्यकता बढन थालेको छ ।

माझी भाषाका वक्ता, भाषाशास्त्री र नेताहरुले पनि माझी भाषाको संरक्षण गर्नुपर्छ भनेर सभासमारोहमा चिन्ता गरेजस्तो देखिन्छ तर चिन्तन भने गरेको देखिँदैन । माझी भाषा माझी जातिको मातृभाषा भएकोले बढी चिन्ता र चिन्तन माझीले नै गर्नुपर्ने हो तर चेतना कहिले आउला ? यो भाषा अझै लोप भैसकेको छैन, धेरै ठाउँमा छरिएका छन् । यसको अहिलेको अवस्था भनेको लिपपोत गरेर चिल्लो पारेको भूईंमा एक मुठी तोरी छरेर एक गेडा पनि नछोडेर सबै उठाउन खोज्नु जस्तै छ भने यसको संरक्षणमा अझै ढिलो गर्ने हो भने एक क्वीन्टल तोरी चउरमा छरेर एकगेडा पनि नछाडिकन उठाउन खोज्नु जस्तै हो । सरकार र केही गैरसरकारी संस्थाहरुले केही कदम चालेका छन् तर वास्तविक सरोकारवाला माझी भने निन्द्रामा छन् । यसको सदुपयोग गर्न सकेका छैनन् (माझी, २०६३) ।

पूर्वी तराईका दनुवारमध्ये कसैकसैले चलन सिकी तिलक लिने-दिने पनि गर्न थालेका छन् भने पश्चिममा त्रिशूली किनार, गजुरी तिरकाहरुले केटीका बाबुआमालाई पैसा बुझाई बिन्तीभाउ गरी गालीसमेत थापेपछि मात्र स्वास्नी लिन पाउँछन् । थारु, बोटे, माझी, दनुवार, दरै आदिका एक जातले अर्को जातसँग बिहे गर्न हुन्छ । यस्तो गरेपछि जन्मेका छोराछोरीमा छोराले बाबुको जात र छोरीले आमाको जात लिन्छन् । यिनीहरुका देवतामा सबैभन्दा मुख्य वनदेवी र घरभित्रको कुलदेवता हुन्छ, (विष्ट, २०६३) ।

दुब्ला पातला देखिए पनि माझी वा बोटेहरु सक्षम र बलिया हुन्छन् । यिनीहरु आफ्नो समूदायमा सम्भव भएसम्म एक ठाउँमा बसोबास गर्न चाहन्छन् । यिनीहरुका लागि खेतिबाली गौण व्यवसायमात्र हो र व्यवसायका कारणले पनि हुन सक्छ यिनीहरुको बस्ती भने अरु जातिको तुलनामा सानो देखिन्छ । सम्पत्ति थुपार्ने प्रवृत्ति न यस जातिको छ, यसले त्यसतो कल्पना नै गरेको छ । यिनीहरु बडा साहसी हुन्छन् र बाघ भालु जस्ता हिंश्रक जन्तु र पानीका गोहीहरुसँग पनि यिनीहरु पटक्कै डराउदैनन् । आफूलाई पानीभन्दा एक दिन जेठो ठान्छन् यिनीहरुले । आफ्ना भावनाहरु व्यक्त गर्न हिच्किचाउने यस जातिलाई अन्तरमूखी जातिका रुपमा अरु जातिले परिचय पाएका छन् । बोटेहरु झाँक्री, विजुवा काममा निकै विश्वसनीय ठान्छन्, स्थानीय अन्य जातिहरुको समेत बोटे जातिको झाँक्री मुन्दुमप्रति पूरा पत्यार छ । जडीबुटीप्रति यिनीहरुको परिचय र ज्ञान छ । यिनीहरु झाँक्री काम गर्दा र चोर पत्ता लगाउनु पर्दा चामल मन्तर्ने गर्दछन् । यिनीहरुले नदीका मसानहरु साधना गरेका हुन्छन भन्ने छिमेकीका अन्य जातिहरुको पनि विश्वास छ । टुनामुना जान्ने भएकाले यस्ता टुनामुना फुकाउने काममा पनि यिनीहरु खप्पीस मानिन्छन् । बोटे जातिका स्वास्नीमान्छेहरु जातिका दृष्टिमा यस अर्थमा पनि सहयोगी सिद्ध हुन्छन् कि तिनीहरुले वन गएर खनिया नामक वनस्पति ल्याउँछन् जो रक्सी पार्न नभइनहुने रसायन हो । यसबाहेक उनीहरु तरुल, भ्याकुर, गिट्ठा पनि ल्याउँछन् । समष्टिमा बोटे वा माझी जाती डुङ्गा तार्ने, झारफुक गर्ने र अन्य कतिपय सामाजिक कामहरुका लागि जस्तो डोला बोक्न समेत नभइनहुने भएकाले सहयोगी जातिका रुपमा अरु जातिद्वारा स्वागत गरिएको बुझिएको छ (थपलिया, २०४५) ।

यिनीहरु अन्न कुहाउने अथवा जाँड बनाई अन्नको अपव्यय गर्ने जातिका रुपमा परिचित छन् । एक छाक टारेपछि अर्को छाकको चिन्ता बोटे र माझीहरुमा देखिदै देखिदैन । कुपोषण र गरीबीले यिनीहरुको स्वास्थ्य ठीक छैन । जाँडले यिनीहरुको शरीरमा औधी नकारात्मक प्रभाव पारेको देखिन्छ । अर्को नजाती कुरा यिनीहरुमा अत्यधिक मात्रामा चुरोट र कक्कड खाने चलन छ । अरु त अरु नाबालक र स्त्रीहरुसमेत धूम्रपानको आदतमा चुर्लम्म डुबेका छन् । १२ वर्षका किशोरलाई भोजनको भन्दा चुरोट कक्कडको बढी चिन्ता भएको देखिएको छ । यसै तथ्यले पनि चुरोट अथवा धूम्रपानप्रतिको यिनीहरुको गहिरो लगाव पुष्टि गर्दछ । एक त चिसो अथवा पानीमा अत्यधिक रुपमा खेल्ने जाति दोस्रो त्यसमा अत्यधिक रुपमा चुरोट बिडीको सेवन गर्न थालेपछि अर्थोक के चाहियो ? यिनीहरु धेरैजसो उमेर ढल्केपछि दमका रोगीमा परिणत भएको पाइएको छ ।

यस अतिरिक्त कुपोषण र शरीरलाई चाहिने भिटामिनहरु र पौष्टिक तत्वको अभावले यिनीहरुलाई अरु रोगहरुले पनि आक्रमण गरेको पाइएको छ । ती रोगहरुमा एनिमिया वा रक्तअल्प, छातीसम्बन्धी रोग, पेटसम्बन्धी गेस्ट्रीक, अल्सर आदि । अर्को कुरा स्वच्छ खानेपानीका अभावमा यिनीहरु हरेक प्रकारका परजीवीहरुको शिकार बनेका छन् । आँउ, पखाला, झाडाबान्ता मुख्य रुपमा देखिन्छन् भने अन्य प्रकारका परजीवीमा जुकाहरु उल्लेख्य छन् । यसको परिणाममा के देखिन्छ भने बोटे र माझीहरुमा शिशु मृत्युदर अरु जातिको दाँजोमा अझ बढी भएको अनुभव स्थानीय रुपमा पनि गरिदो रहेछ, यद्यपि यस तथ्यलाई योजनाबद्ध सर्वेक्षणबाट नै राम्रोसँग पुष्टि गर्न मिल्ने हुन्छ । यस बाहेक रिंगटा लाग्ने, फोक्सोसम्बन्धी र यस्तै अरु खालका क्षयरोग र मुटुसम्बन्धी रोगहरु यस जातिले अत्यधिक रुपमा बेहोर्दै आएको देखिन्छ । बोटे जातिको दैनन्दिनी खानामा औसत पौष्टिक तत्वको राम्रो मात्रा नभएकोले यस्ता रोगहरुले आक्रमण गरेको हुन सक्छ । स्वास्थ्यबारे उनीहरुको आधुनिक धारणा पटक्कै छैन । जस्तो खाए पनि  अथवा  खाँदै नखाई भोकै बसे पनि  उनीहरुले दिन गुजारिरहेकै हुन्छन् । रोगले पक्रेपछि उनीहरु आधुनिक ओखती खाने, राम्ररी स्वास्थ्य परीक्षण गराउन चिकित्सककोमा अथवा स्वास्थ्य चौकी अस्पतालहरुमा जाने  गर्दैनन् । उनीहरुको अनुभवले भ्याएको जरीबुटी खाएर निको हुने कोशिस गर्दछन् । त्यसले नभए उनीहरु धामीझाक्री लगाउँछन् । उनीहरुको रोगको कारण भूत, प्रेत, बोक्सी, डङ्किनी, मसान आदिलाई ठान्दछन् । धामीझाक्रीद्वारा मनसाएर देवीदेवतालाई खुसी पार्न भाकल गरी आशिर्वाद मागेपछि रोग निको भइहाल्छ भन्ने विश्वास पाइन्छ (थपलिया, २०४५) ।

बोटे र माझीहरु सीधा साधा हुन्छन् । यिनीहरुको स्वभाव सरल छ । यस जातिको मन चोखो र भावना पवित्र छ जसभित्र निकै गहिरो दुःखको कथा पनि भएको अनुमान गर्न सकिन्छ । किनकी यिनीहरुले अरु बाठाटाठा जातिहरुबाटे ठगिनु परेको छ । यसर्थ नौलो र पराइसँग झट्टमन खोल्ने प्रवृति देखिदैन । त्यो एक प्रकारले अरु सभ्य र धनी भनिनेहरु प्रति रहेको भय र भ्रम पनि हुनुसक्छ । बोटे र माझीको सामान्य स्वभाव मिलनसारिता नै हो । सभ्य र ठालु हुँ भन्ने व्यक्तिहरुप्रति भय र शंकाको प्रवृति देखिन्छ । त्यसका लागि यस जातिले भोग्दै आएका वास्तविक्ता नै जिम्मेवार छन् । पुरुष झै स्त्रीहरु पनि समानरुपमा फर्स्याइला र सहभागी भावनाले टन्न भएका हुन्छन् । बोटेहरुको शारीरिक संरचना खानपीन र कतिपय स्वभाव र प्रवृतिहरुले उनीहरुलाई मंगोलियन  पुष्टि गर्न खोज्दा र पुष्टि भइहाले पनि यो अस्वाभाविक हुँदैन । बरु अरु यस पुष्टिले दुईवटा कुरा देखाउला -

१. बोटेहरु मंगोलियन समूहका हुन् ।

२. बोटे वा माझीहरुले पछि संस्कृतवाट जन्मेको भाषा र संस्कृति ग्रहण गरे ।

यसले मङ्गोल र आर्यको समन्वयको नै राम्रो उदाहरण पेश गर्दछ र परम्परित नै रहेको उनीहरुको समन्वयात्मक स्वभाव पनि यसले दर्साउँछ । माझी र बोटेहरु डुङ्गा तार्ने सहयोगी व्यक्तिका रुपमा अरु जातिले पाएका छन् भने अरु जातिवाट यस जातिले पनि रोजगारी पाएको छ तर माझी र बोटे जाति कमजोर जाति हो । तसर्थ अरु जातिहरुसँग कुनै पनि क्षेत्रमा यस जातिसँगै हिंड्न सक्तैन । यस्तो असमर्थता वा कमजोरीको शोषण गरी माझी र बोटेहरुलाई स्थानीय ठुलाठालुहरुले नङ्ग्याउने अवस्था रहिरहनु कसैको लागि पनि चिन्ताको बिषय हुन सक्दछ ( थपलिया, २०४५) ।

सांस्कृतिक विविधताले भरिपूर्ण नेपाली समाजको आफ्नै विशेषता र पहिचान रहेको भए तापनि नेपाली जातिको विविधता नै सामाजिक विभेदीकरणको सूत्रधार बन्न गएको छ । मानिस मानिस बीच जन्मजात-रुपमा जातीय विभेद र जन्म पश्चात वर्गीय विभेदको सामाजिक विसङ्गति प्रचलनमा रहेका छन् । यसको फलस्वरुप राज्यद्वारा प्रदान गरिएका सेवा सुविधामा समेत क्षमता, योग्यता र औकातका आधारमा नभई जातियता र वर्गीयताका आधारमा सहभागिता सुनिश्चित हुनेगरेको तितो यथार्थ सबैका सामु छर्लङ्ग छ । सिमान्तकृत जातिका रुपमा रहेका माझी जाति देशको जनसंख्याको एउटा सानो हिस्सा रहेपनि शिक्षाको सहभागितामा पछि रहेको पाइन्छ । बहुजातीय देशमा रहेका यस्ता धेरै दलित, उत्पीडित तथा उपेक्षित जातिको अवस्थामा सुधार नगरी देसको समग्र विकास गर्न सकिने स्थिति देखिदैन । यसै परिप्रेक्ष्यमा देशका नागरिकलाई प्रदान गर्नुपर्ने शिक्षाको अवसरबाट विविध कारणले माझीहरु पछाडि परेका र पारिएका छन् । झण्डै ६०% भन्दा बढी मानिसहरु साक्षर भइसक्दा पनि देशभरका ६८ जिल्लाका ५८८ गा.वि.स.हरुमा छरिएर रहेका माझीहरुमाथि भेदभावको दृष्टिकोण हुनु पक्कै पनि लाजमर्दो कुरा हो (थपलिया, २०४५) ।

नेपालको अन्तरिम संविधान २०६३ ले प्रदान गरेको जातीय भेदभाव विरुद्धको हक, शिक्षा तथा संस्कृति सम्बन्धी हक, सामाजिक न्यायको हक, दलित तथा सिमान्तकृत वर्गको सशक्तिकरणका लागि विशेष व्यवस्था गर्न सकिने संवैधानिक

हकहरु यथार्थ रुपमा लागू हुन सकिरहेका छैनन् । सिमान्तकृत छात्रवृत्ति कार्यक्रम, निःशुल्क प्राथामिक शिक्षाको व्यवस्थाले विद्यालयमा आएका माझी बालबालिकालाई केही हदसम्म सहयोग गरे पनि वास्तवमा माझी जातिको शैक्षिक अवस्था र सहभागिता न्यून रहेको  देखिन्छ । यस तथ्यबाट माझी समुदायको शैक्षिक अवस्था कमजोर रहेको पुष्टी हुन्छ । सन १९९० को थाइल्याण्डको जोमटिन र सन २००० को सेनेगलको डकार सम्मेलनमा विश्वका हरेक राष्ट्रले सन २०१५ सम्म निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षा सबै नागरिकको पहुँचमा पुऱ्याउने अन्तराष्ट्रिय प्रतिबद्धता जाहेर गरेका छन् । नेपालले पनि आधारभूत तथा प्राथमिक शिक्षामा खासगरी बालिका, आर्थिक स्थिति कमजोर रहेका बालबालिका, दलित तथा सिमान्तकृत सुविधाविहिन बालबालिकाको शिक्षामा सहभागिता बढाउने संकल्प गरेको छ (सबैको लागि शिक्षा-राष्ट्रिय कार्ययोजना २००१-२०१५ तथा मुख्य दस्तावेज २००४-२००९) । तर देशमा विद्यमान वर्गीय विभेद र जातपातका कारणले नागरिकको शिक्षामा सहभागिता बढाउने राष्ट्रिय संकल्पमा अवरोध सिर्जना गरिरहेको देखिन्छ ।

माझी जाती युगैयुग पहिलेदेखि नै सप्तकोशीका सहायक नदी किनारमा बसोवास गर्दै आएका हुन् । माझी जातिले डुङ्गा चलाउने, माछा मार्ने र खेती गर्ने मुख्य पेशा अपनाएका हुन् । त्यस समयमा खोलाको किनारमा औलो लगाएत अन्य विभिन्न महामारी रोगका कारण अन्य जातजाति बसोवास गर्दैनथे । कोशी किनारको समथर जमिनलाई आवाद गरी खेती योग्य बनाइ भोगचलन गरी आएका माझीहरु पृथ्वीनारायण शाहले वि.स. १८२५ मा राज्यविस्तार गरे पश्चात पनि सो जग्गामा भोगचलन गरि रहेका थिए । नेपालको राज्यविस्तार  पछि माझी जातिले भोगचलन गरिआएको सम्पूर्ण जमिन वि.स. १८८५ सालमा  राजा श्री ५ राजेन्द्र विक्रम शाहको शासनकलामा "हँसियाको फन्को कोदालोको दम्को आफ्नो बाहुबलले भ्याएसम्म आवाद गरी खानु र बसोवास बसाउनु, उजाड नगर्नु, घाटमा डुङ्गा दुई बाह्र वहना तेह्र डोरी तैनाथ राख्नु, तलवितल परे जंगी कानुन बमोजिम सजाय गर्नु" भन्ने उल्लेख भएको लालमोहर सनद बनाई माझीहरुको नाममा किपट दिइयो । किपट जग्गा भोगचलन गरेवापत विभिन्न घाटहरुको वर्षा, भेल, बाढीमा पनि दिनमा एक पटक हुलाक र सरकारी कर्मचारी तार्न अनिवार्य रुपमा डुङ्गा

चलाउनु पर्ने भयो । किपट जमिन माझी जातिबाहेक अन्य कुनै पनि जातजातिले राजीनामा गरी किन्न वा बेच्न पाउँदैनथे । किपट जग्गाको हक माझी जातिबाहेक अन्य जातिमा जादैनथ्यो । माझी जाति धेरै पुरानो जाति हो । छरिएर ससना टुक्रामा विभाजित भई आफ्नो डुङ्गा ख्याउने पेशा अङ्गाली आएको यो जातिमा शिक्षाको कमीका कारण अहिले आफ्नो इतिहास जान्न सक्नेसम्म स्थितिमा छैन । तर अहिले यो जातिमा आफ्नो इतिहास तथा मूल थातथलोका वारेमा रुचि देखिएको छ । अहिलेसम्मको अध्ययनमा कोशी नदीको किनारा यस जातिको मूल थलो हो भन्ने मान्यता पाइन्छ (माझी, २०६३) ।

माझीबारे अहिलेसम्म बृहत् मानवशास्त्रीय अध्ययन भएको पाइदैन । त्यसैले यस जातिको उत्पत्ति र इतिहासबारे स्पष्ट तथ्य पाउन सकिदैन । माझीबारे भएका सिमित अध्ययनले यस जातिको पहिचानवारे विभिन्न मत राख्दछन् । मानवशास्त्री डोरबहादुर विष्टका अनुसार पहाडमा माझी भनिने जातिलाई तराई वा भित्रीमधेसमा बोटे र चितवनमा कुसहर भनिने यी जातिहरु नेपालका यस भू-भागमा आदिकालदेखि बसिआएका सबैभन्दा पुराना बासिन्दा भएको उल्लेख गरेका छन् (विष्ट, ई.२००५)। विष्टले एउटै जातिका रुपमा उल्लेख गरेको बोटे र माझीलाई नेपाल सरकारले छुट्टा छुट्टै जातिका रुपमा पहिचान गरेको भए पनि अहिलेसम्म यी जातिबारे अध्ययन गर्ने अध्येता मध्ये प्रायले यी दुबै जातिका बारेमा एउटै तथा निकट रुपमा व्याख्या गरेका छन् (माझी सं.२०६३, शुरुङ १९९५, गौतम र थापामगर १९९४) ।

'माझी' शब्दको अर्थ, उत्पति र विकासवारे स्पष्ट धारणा पाँइदैन । यद्यपि यो शब्दले नेपालको एउटा छुटै अदिवासी जनजातिको परिचय गराउँछ । नेपाली वृहत् शब्दकोश (सं.२०६७) मा माझी शब्दलाई दुई किसिमले अर्थ्याइएको छ । पहिलो, पुर्ख्यौलीदेखि डुङ्गा खियाएर तथा माछा मारेर जीविकोपार्जन गर्ने एक जाति भनेर अर्थ्याइएको छ । दोस्रो, बीचको अर्थात माझको अर्थ दिने विशेषणका रुपमा । पहिलो अर्थअनुसार माझी नेपालमा आदिकालदेखि बसोबास गर्दै आएको र नदीसंग विशेष सम्बन्ध रहेको देखिन्छ भने दोस्रो अर्थले माझी शब्दको कसरी उत्पत्ति भयो

र कसरी यसले एउटा जातिलाई प्रतिनिधित्व गर्छ भन्ने आधार निर्माण गरेको छ (माझी र घर्तीमगर, २०६८) ।

केही अध्येताले माझी भारतबाट सप्तकोशी र अरुण नदीकिनार हुदै नेपाल पसेको अनुमान गरेका छन् (कुमार सं., २०२६) । अहिले पनि यी नदीहरुका आसपासमा मझीको बसोबास भएकोले यस अनुमानको पछाडि केही सामिप्यता पनि देखिन्छ । यी विभिन्न तर्क र तथ्यले माझी नेपालको आदिकालदेखि नै बसोबास गर्दै आएको जाति भएको र यस जातिको उत्पतिदेखि नै नदीसंग विशेष सम्बन्ध रहेदै आएको छ भन्ने पुष्टी हुन्छ । माझीको उत्पति बारे माझी समुदायका विभिन्न किम्वदन्ती पाइन्छन् । तर, प्राय किम्वदन्ती हिन्दु धर्मग्रन्थसंग सम्वन्धित छन् । माझी जातिमा आफ्नै परम्परागत शैक्षिक संस्था त छैन, तर आफ्नो परम्परागत ज्ञान र शिक्षालाई पछिल्लो पुस्तामा हस्तान्तरण गर्ने काम भने समाज, परिवार र अभिभावकबाट हुने गरेको पाइन्छ । माछा मार्ने, जाल बुन्ने, डुङ्गा चलाउने र बनाउने, नदीमा पौडने र मर्चा बनाउने जस्ता परम्परागत काममा आफू भन्दा अग्रज अभिभावकबाटै शिक्षा लिने चलन छ, (माझी र घर्तीमगर, २०६८) ।

माझी जाति आफ्नो छुट्टै भाषा, धर्म, संस्कार-संस्कृति र परम्परा भएको नेपालको एउटा प्रमुख आदिवासी सिमान्तकृत जनजाति हुन् । नेपालका पुराना आदिवासी जनजाति मध्ये यो जाति पनि पर्दछ । यो जाति दुई हजार वर्ष भन्दा अगाडि देखि नै मूलत, सप्तकोशीका सहायक नदीहरुका छोउछाउ र मध्य तथा पूर्वी क्षेत्रका भित्री मधेशहरुमा बसोबास गर्दै आएका हुन् ।

हाल साहानी, गोडी, मलाहा, थारु, दुषाद, हलखोर, डुम, हाडीमाझी, मुसहर, बोटे, पश्चिम नेपालका केहि क्षेत्रीहरु, रायमाझी इत्यादिले पनि माझी लेख्न थालेको हुनाले यस माझी जातिको पहिचानमा संकट आइपरेको छ । तिनीहरुको भाषा, धर्म, संस्कार, संस्कृति, रीतिरिवाज, परम्परा, मूल्य र मान्यताहरु पनि माझी जातिका जस्ता छैनन् । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले गरेको वर्गीकरण अनुसार यो जाति अतिसिमान्तकृत आदिवासी जनजातिमा पर्दछ, (माझी, २०६३) ।

माझी बुढापाकाहरुको भनाइ अनुसार माझी जातिको थर निम्नानुसार रहेको छ । दनुवार माझी, कुशुवार माझी, कुमाले माझी, बाँतर माझी, थाल्थारु माझी, यी थरभित्र पनि विभिन्न उपथरहरु पाइन्छन् : दनुवार माझीमित्र राजवंशी दनुवार माझी, बोटे दनुवार माझी, ठोक्करे दनुवार माझी, सुपारे दनुवार माझी, धोरमाउले दनुवार माझी, गोरे दनुवार माझी, सूर्यवासी दनुवार माझी । त्यसैगरी कुशुवार माझीभित्रः काँस कुशुवार माझी, दुध कुशुवार माझी, कुस कुसुवार माझी, लोहोरी कुसुवार माझी, पहरेली कुसुवार माझी, नेपाले कुसुवार माझी तर कुमाले माझी, बाँतर माझी, थाल्थारु माझीको उपथर भने भेटिएको छैन् । यस बाहेक अन्य थर पनि धेरै हुनसक्ने संभावना पनि छ (माझी, २०६३) ।

माझी जाति ज्यादै सोझा सरल र इमान्दार हुन्छन् । एकचोटि विश्वासमा परिसकेपछि जस्तो सुकै अवस्थामा पनि विश्वासघात गर्दैनन् तर विश्वासघातमा परेर यो जाति हरेक क्षेत्रमा निकै पछाडि परेका छन् । टाठाबाठा जातिहरुले माझी जातिको जग्गा जमिन, धनसम्पत्ति जालझेल, छलकपट गरेर हडप्न थालेका छन् । पहिलेका धनी जीमिन्दार माझीहरु अहिले आएर सुकुम्वासी हुन पुगेका छन् । हाल आएर अर्काको घरमा हलि गोठालो बस्न र भरिया बन्न बाध्य छन् । यस जातिको संस्कार, संस्कृति, रीतिथीति, परम्परा पनि हिन्दु धर्म, संस्कार संस्कृतिले अतिक्रमणमा परेको छ । यस जातिको संस्कार, संस्कृति रीतिथीति र परम्परा पनि छुट्टै किसिमको छ । बच्चा जन्मिदा छोरा जन्मे भाले र छोरी जन्मे पोथी कुखुरा सँघारमा काट्नु पर्ने, जुन बार जन्मियो बारबाट नाम राख्नु पर्ने, केटी माग्न र विवाह गर्न बुधबार चाहिने, विहेमा जन्तीसंग बेहुला जान नपर्ने, मान्छे मर्दा मरेको भोलिपल्टदेखि अनिवार्य माछा चाहिने, अन्तिम काम सरादमा ढोल, मादल, झ्याली, घण्टी बजाएर नाँचगान गर्नु पर्ने इत्यादि अनौठा प्रकारका छन् । यसको संस्कार, संस्कृतिको अतिक्रमण र शिक्षामा न्यून सहभागिताले गर्दा यिनीहरुको संस्कृति दिन प्रतिदिन लोप हुने दिशातर्फ धकेलिदै छ (माझी, २०६३) ।

किम्वदन्तीअनुसार वेदव्यासद्वारा रचित महाकाव्य महाभारतमा मत्स्यगन्ध्या माझीकी छोरी थिइन् । उनी माछाको गर्भबाट जन्मिएकी हुन् । परासर नामक ऋषिलाई मत्स्यगन्ध्याले नदी तार्दा मत्स्यगन्ध्या र परासर ऋषिको सहवास भएको

र त्यसैबाट गर्भ रहन गई वेदव्यास जन्मिएको उल्लेख भएको पाइन्छ । परासर ऋषिको गुफा, मत्स्यगन्ध्याले परासर ऋषिलाई तारेको घाट तनहुँ जिल्लाको दमौलीदेखि दक्षिणतिर प्रसिद्व तीर्थस्थलका रुपमा अहिलेसम्म प्रख्यात छँदै छ । यसबाट गण्डकी र नारायणी आसपासमा महाभारत कालमा नै माझीहरु अस्तित्वमा थिए भन्ने आधार मिल्छ, (माझी, २०६३) ।

नेपालको आधुनिक शिक्षामा भने माझीहरुको सहभागिता अत्यन्त कम छ । उनीहरुको साक्षरता दर २०% देखि २३% सम्ममात्र रहेको छ । त्यसैगरी अहिलेसम्म माझी समुदायबाट स्नातकोत्तर तह उत्तीर्ण गर्ने ३, स्नातक गर्ने १३, प्रमाण पत्र तह उत्तीर्ण गर्ने ३५-४० र एस.एल.सी उत्तीर्ण गर्ने लगभग एक-हजार जति भएको अनुमान गरिएको छ (माझीको चिनारी २०६८)। आर्थिक अवस्था कमजोर र चेतना अनुभवका कारण माझीहरुको शिक्षामा सहभागिता न्यून छ । शिक्षामा पछाडि पर्नुले माथिल्ला स्तरका सरकारी जागिरमा समेत प्रवेश गर्न सकेका छैनन् । यस्ता धेरै कारणले उनीहरुले शिक्षामा प्रगति गर्न सकेका छैनन् (माझी र घर्तीमगर, २०६८) ।

समाजमा नारी र पुरुषको रुपमा दुई जात मात्र हुन्छ भन्ने यथार्थतालाई विर्सेर मानिस बीचमा जातपात र वर्गका आधारमा भेदभाव गरिनु लाजमर्दो कुरा हो । मानिसले आफनो योग्यता क्षमता, औकात, सीप, बुद्धि र विवेकका आधारमा कुनैपनि कार्य र व्यवसाय गर्न सक्ने र शिक्षा पनि त्यसैका आधारमा हुनु पर्ने वास्तविकतालाई कुनैपनि हालतमा नकार्न सकिदैन । उस्तै शारीरिक संरचना र बनावट भएका मानिसहरुमा कुनै पनि सामाजिक विभेद गरिनु न्यायसंगत पनि देखिदैन । त्यसैले माझी जातिहरुलाई शिक्षा लिनबाट बञ्चित गर्ने सामाजिक, आर्थिक, राजनैतिक परम्परा, अन्धविश्वास, रुढीवादी सोचमा आमूल परिवर्तन ल्याई शिक्षा लिनबाट बञ्चित माझी, सिमान्तकृत, उत्पीडित, उपेक्षित तथा सुविधा विहिन वर्गसम्म शिक्षाको अवसर पुऱ्याउन सकेमात्र सन् २०१५ सम्ममा सबैका लागि शिक्षाको लक्ष्य पूरा हुन सक्दछ ।

यसरी यस अध्ययनमा माझी समुदायका बालबालिकाको प्रथमिक शिक्षामा सहभागिता कस्तो रहेको छ ? भन्ने पृष्ठभूमिमा उक्त विषयलाई मुख्य विषयवस्तुका रुपमा राखिएको छ ।

## १.२ समस्याको कथन

माझी भाषामा अहिलेसम्म प्राथमिक तहसम्म पनि पठनपाठन हुन सकेको छैन । भाषाविद्हरुका अनुसार मातृभाषामा पठनपाठन सहज हुने हुनाले बालबालिकाले स्थानीय परिवेशमा आफ्नो मातृभाषामा छिटो सिक्ने गर्छन् । त्यसैगरी विद्यालयमा शिक्षक पनि आफ्नो जाति तथा भाषाको भयो भने बालबालिकालाई विद्यालयमा पढ्न मनोवैज्ञानिक हौसला मिल्ने र आफ्नो समस्या सजिलै शिक्षकसँग राख्न सक्छन् र शिक्षामा सहभागिता बढ्न सक्छ ।

सन् २००० को अप्रिलमा सिनेगलको डकारमा सम्पन्न सम्मेलन सन् २०१५ सम्ममा सबैका लागि शिक्षा भन्ने मूल नारा उद्घोष गरी पारित गरियो । उक्त घोषणालाई नेपालले पनि अङ्गिकार गरेको छ । अझै पनि प्राथामिक विद्यालय उमेरका लगभग ९० प्रतिशत बालबालिकामात्रै प्रथामिक विद्यालयमा सहभागी हुन सकेका छन् भने लगभग १० प्रतिशत बालबालिकाहरु प्रथामिक शिक्षाको अवसरबाट बञ्चित रहेका छन् । यस्ता वालबालिकाहरुमा विशेष गरी जनजाति, दलित, पिछडिएका र सिमान्तकृत समुदायका बालबालिकाहरु रहेका छन् । सिमान्तकृत जाति अन्तरगत माझी बालबालिकाहरु रहेका छन् । सिमान्तकृत अल्पसंख्यक अन्तरगत माझी बालबालिकाहरु पनि पर्ने हुनाले यो अध्ययन माझी बालबालिकाको शिक्षामा सहभागिता सम्वन्धी समस्यामा केन्द्रित रहेको छ । यो अध्ययन प्राथमिक विद्यालय गएका, नगएका बालबालिका, उनीहरुका अभिभावक, विद्यालयका शिक्षक शिक्षिकाहरुलाई तल उल्लेख गरिएका प्रश्नहरु सोधि त्यसैको सेरोफेरोमा केन्द्रित रहि अध्ययन कार्य पूरा गर्ने प्रयास गरिएको छ ।

माझी बस्तीमा प्राथमिक विद्यालय उमेरका बालबालिकाहरु कति छन् ? त्यहाँ भएका बालबालिकाहरु मध्ये कतिजना विद्यालयमा भर्ना भएका छन् ? कति बालबालिकाहरु भर्ना हुन विद्यालयमा गएका छैनन् ? भर्ना विद्यार्थीहरुमा कतिले आफ्नो पढाइलाई निरन्तरता दिएका छन् ? कति विद्यार्थीहरुले बीचैमा पढाइलाई

छाडेका छन् ? आमाबाबुले बालबालिकाहरु-लाई किन विद्यालय पठाएका छैनन् ? बालबालिकाहरु किन विद्यालय जान चाहेका छैनन् ? माझी बालबालिकाको शिक्षामा न्यून सहभागिता हुनको कारण के हो ? के गर्दा विद्यालय नगएका बालबालिकाहरुलाई शिक्षामा सहभागी गराउन सकिन्छ ? अन्य जातिका तुलनामा माझीहरुको उपस्थिति, भर्ना, उत्तीर्ण, कक्षा दोहोऱ्याउने र छाड्ने दर साथै माझी र गैर माझी बालबालिका बीचको उपलब्धी के कस्तो रहेको छ ? विद्यालयमा सहभागिताका बाधक तत्वहरु के-के हुन ? शिक्षामा माझी बालबालिकाको सहभागिता कस्तो छ ? सहभागिता वृद्धिका सम्मभावना के-के होलान् ? जस्ता प्रमुख समस्या समाधानमा सहयोग गर्न माझी  समुदायका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता शीर्षकलाई अध्ययनको विषय बनाइएको छ ।

## १.३ अध्ययनको औचित्य

जुनसुकै अध्ययन अनुसन्धानको आफ्नै किसिमको विशेष महत्व रहेको हुन्छ । विना महत्वको विषयमा गरिएको अनुसन्धानको कुनै औचित्य रहँदैन । यस माझी समुदायका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता सम्बन्धमा गरिएको अनुसन्धानको औचित्यलाई निम्नानुसार उल्लेख गरिएको छ :

माझी बालबालिकाको प्राथमिक शिक्षाको वर्तमान सहभागिता सम्बन्धमा आवश्यक सूचना प्राप्त गर्नु ।

यस अध्ययनबाट अध्ययन क्षेत्रमा रहेका माझी समुदायको प्राथमिक शिक्षामा सहभागिता ब्यापक बन्न नसक्नुका प्रमुख कारणहरुको जानकारी प्राप्त गर्नु ।

माझी बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता बढाउन सरकारी स्तरबाट भएको  प्रयासको समीक्षा गर्नु ।

माझी समुदायको प्राथमिक शिक्षामा सहभागिता सहज, बनाउन अपनाउनु पर्ने उपायहरुको खोजी गर्नु ।

माझी विद्यार्थीलाई बढीभन्दा बढी सहभागी गराउन शिक्षक, विद्यालय र समूदायले बहन गर्नु पर्ने उत्तरदायित्वका बारेमा स्पष्ट पार्नु ।

माझीहरुको शिक्षामा सहभागिता वृद्धि गर्नका लागि आवश्यकता अनुसार पाठ्यक्रम परिमार्जन गर्न ।

यस अध्ययनबाट उपेक्षित र उत्पीडित जातिहरुसंग सम्बन्धित विषयहरुमा अध्ययन अनुसन्धान गर्ने व्यक्ति तथा संघ-संस्थालाई समेत सहयोग पुग्ने भएकाले औचित्यपूर्ण हुनेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य माझी समुदायका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता पत्ता लगाउनु रहेको छ । यसका विशिष्ट उद्देश्यहरु यसप्रकार रहेका छन् ।

क) प्राथमिक शिक्षामा माझी बालबालिकाको सहभागिताको स्थिति पत्ता लगाउनु ।

ख) माझी बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता सम्बन्धी समस्याका कारणहरु पत्ता लगाउनु ।

ग) माझी बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता सम्बन्धी समस्या समाधानका उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनलाई सार्थक बनाउन निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरु समावेश गरिएको छ :

प्राथमिक तहमा माझी केटाकेटीको विद्यालय भर्नाको बर्तमान स्थिति कस्तो छ ?

प्राथमिक उमेर समुहका विद्यालय बाहिर रहेका माझी बालबालिकाको संख्या कति छ ?

प्राथमिक तहमा माझी बालबालिकाको कक्षा छाडने, दोहोऱ्याउने र उत्तीर्ण दर कस्तो छ ?

प्राथमिक तहमा माझी जातिका शैक्षिक समस्याहरु के के छन?

हालसम्म उक्त समस्या समाधान गर्न के कस्ता कार्यक्रमहरु संचालन भएका छन् र त्यसबाट उनीहरुमा के कस्तो परिवर्तन अएको छ ?

उक्त शैक्षिक समस्या समाधान गर्न आगामी दिनमा के कस्ता शैक्षिक कार्यक्रमहरु संचालन गर्न सकिन्छ ?

**१.६ अध्ययनको परिसीमा**

उपलब्ध साधन स्रोत तथा सिमित समयको परिधिमा रही यस अध्ययनलाई निम्न लिखित परिसीमामा अघि बढाइएको छ ।

यो अध्ययन सुनसरी जिल्लाको सामुदायिक विद्यालयभित्र मात्र सीमित गरिएको छ ।

यो अध्ययन सुनसरी जिल्लाको महेन्द्रनगर स्रोत-केन्द्रमा मात्र सीमित गरिएको छ ।

यो अध्ययन प्राथामिक विद्यालयहरुमा मात्र सिमित गरिएको छ ।

यस अध्ययन प्राथमिक तहका माझी समुदायका बालबालिकामा मात्र सिमित गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

अध्ययनलाई सैद्धान्तिक रूपमा उद्देश्यपूर्ण र तथ्यपरक बनाउन माझी समुदायका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता शीर्षकसँग सम्बन्धित सैद्धान्तिक धारणाा र यस विषयसँग सम्बन्धित पूर्व साहित्यको अध्ययन, विश्लेषण र पुनरावलोकन यस परिच्छेदमा गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि समस्याको समाधानका लागि उक्त समस्या सम्बन्धी पूर्व साहित्यको अध्ययन गरी समीक्षा गरिनु आवश्यक हुन्छ । यसले समस्याको सामधानका लागि के कस्ता विकल्पहरुको खोजी भइरहेको छ भन्ने सम्बन्धमा यथार्थ जानकारी दिन्छ । यसबाट शोधकर्तालाई खोजी हुन बाँकी समस्याको बारेमा अध्ययनलाई केन्द्रित बनाउने अवसर प्राप्त हुन्छ । पूर्व साहित्यको समीक्षा गर्ने सन्दर्भमा यहाँ माझी समुदायका बालबालिकाको प्राथामिक शिक्षामा सहभागीता सम्बन्धी प्राप्त भएका लेख, अध्ययन गरी समीक्षात्मक विवरण यस प्रकार प्रस्तुत गरिएको छ ।

माझी (२०६८), का अनुसार निरङ्कुश जहानीया राणा शासनकालमा राणा र राणा परिवारवाहेक अरुलाई पढ्न प्रतिबन्ध थियो । चलाख बाहुन, क्षेत्रीहरु विशेष गरेर भारतको बनारसमा गएर पढ्थे । राणाकालमा राणा र राजपरिवार मात्र पढाउने दरबार हाइस्कुल र श्री ५ त्रिभुवन र श्री ३ चन्द्रशमशेरको नाम रहने गरी त्रिचन्द्र कलेजको स्थापना भयो । २००७ साल पछि पढ्न पाउने ब्यवस्था भए पनि माझीहरुमा पढ्नुपर्छ भन्ने न चेतना थियो न आर्थिक स्थिति नै थियो । क्षेत्री बाहुनको देखासिकी र सङ्गतले कसैकसै माझीले पढाउनुपर्छ भन्ने बुझेको देखिन्छ ।

सामाजिक रूपमा पछि परेका माझीहरू शिक्षाको पहुँचबाट टाढा रहनुमा उनीहरूको समाजिक अवस्था र चेतनाको स्तर नै हो भन्ने निष्कर्ष निकालिएको छ ।

विष्ट (२००५), का अनुसार नेपालका साँच्चिकै आदिकालदेखिका बासिन्दा मध्येका हामी दनुवार, माझी र दरै सबैभन्दा नदेखिने गरी बसेका छौं । जुगजुग बिते, अनेक थरीका मानिस आए । अनेक पौरख, पराक्रम देखाए, लडाइँ गरे । अनि इतिहास र सभ्यताको सिर्जना गरे । तर माझी यी सबैदेखि तर्स्यौं अनभिज्ञ रह्यौ । जङ्गल र खोलामा सिकार गरेर अनि माछा मारेर जीविका गर्यौं । न्यानो बगरमा केही खेती गर्यौं । पुस्ताका पुस्ता बिते । न हामीले सङ्घर्ष गर्यौं न सरकारसँग केही माग गर्यौं, न आज नै यस्तो गर्ने तरखरमा छौं । त्यसैले हामी नगन्य भयौं । हाम्रो अस्तित्वको कसैलाई वास्ता भएन । ठूला ठूला परिवर्तन र प्रगतिले हामीलाई नाघेर गए । त्यसैले हामी शिक्षाबाट बञ्चित हुन पुग्यौं ।

माझीहरू धेरै पहिलेदेखि नेपालमा बसोबास गरेका भए पनि शैक्षिक अधिकार प्राप्तिबाट वञ्चित रहेको र उत्साहजनक सहभागिता नरहेको उल्लेख छ ।

खनाल (२०६५), का अध्ययनमा अव्यावहारिक छात्रवृत्ति वितरण प्रणाली, न्यून छात्रवृत्तिको कोटा एवम् रकमको कारण अपेक्षित उपलब्धी हासिल हुन नसकेकाले छात्रवृत्तिको कोटा र रकममा बृद्धि, शैक्षिक सत्रको शुरुमा रकम वितरण तथा चेतनामूलक कार्यक्रम संचालन गरी दलित, पिछडा वर्ग तथा सिमान्तकृत जातिलाई प्राथमिक शिक्षामा सक्रिय सहभागी बनाउन र शैक्षिक उपलब्धीस्तर बढाउन सकिने सुझाव दिइएको छ ।

सबैको पहुँचमा शिक्षा पुऱ्याउने उद्देश्य राज्यले राखेको भए पनि खासगरी सिमान्तकृत वर्गका लागि दिइएको शैक्षिक सुविधा अपूरो रहेकोतर्फ सचेत रहदै परिमार्जन हुनुपर्ने धारणा खनालको देखिन्छ ।

रेग्मी (२०६६), का अनुसार हरेक विद्यालयमा कम्तीमा एक जना माझी शिक्षकको व्यवस्था गरी, माझी बालबालिकाहरुको मनोविज्ञान बुझी शिक्षण सिकाइ संचालन गर्दै अनौपचारिक शिक्षाको कार्यक्रम मार्फत माझीहरुको चेतनास्तर उकास्ने कार्यक्रम संचालन गर्नसके माझी समुदायका बालबालिकाको शिक्षामा पहुँच वृद्धि गर्न सकिने विचार प्रस्तुत गरेका छन् ।

सिमान्तकृत जातिहरू त्यसमा पनि माझीहरू मनोवैज्ञानिक रूपले पछि परेको हुँदा उनीहरूको मनोविज्ञान बुझेर चेतनास्तर वृद्धि गरी सहभागिता वृद्धि गर्नुपर्ने विचार रेग्मीको छ ।

सेरिड (२०६८), अनुसार ग्रामीण क्षेत्रका प्राथमिक बालबालिकाको सहाभागिता कम गर्न निर्धारित तत्वहरुमा परिवारको आयस्रोत, अभिभावकको शिक्षा एवम् व्यवहार, घरायसी कामकाज, विद्यार्थीको वैयक्तिक स्वभाव, विद्यालयको दुरी, विद्यालयसँग सम्वन्धित पक्षहरु, सामाजिक मूल्य मान्यता पाउन सकिन्छ । ग्रामीण क्षेत्रमा ४५ प्रतिशत बालबालिका विद्यालय जाने उमेर पछि अर्थात १ वर्ष ढिलो विद्यालय जान्छन् । ग्रामीण क्षेत्रका ४ भागको ३ भाग बालबालिकाहरुलाई घरायसी कामकाजमा लगाइन्छ । ग्रामीण भेगका ६५ प्रतिशत बालबालिका प्रत्यक्ष आयआर्जन कार्यमा संलग्न रहेको पाइएको छ । ग्रामीण क्षेत्रका ४० प्रतिशत बालबालिका नियमित पठनपाठनमा संलग्न रहेको पाइन्छ । अभिभावकको शैक्षिक स्थितिले बालबालिका नियमित पठनपाठनमा संलग्न नरहेको पाइएको छ ।

एक त नेपालमा विद्यालयको पहुँचबाट विद्यालय उमेरका बालबालिकाहरू वञ्चित छन् भने अर्कातिर उमेर पुगेर ढिलो गरी विद्यालय गएर बीचैमा पढाइ छाड्नेको सङ्ख्या पनि कम नभएकाले समस्या सिर्जनामा बल पुऱ्याएको छ ।

डाँगी (२०६८), को अध्ययनमा विद्यालय जान, प्रौढ कक्षा, चेलीवेटी कक्षा तथा अनौपचारिक कक्षा तर्फ जान प्रोत्साहित गर्दै, चेतनामूलक सामाजिक सुधारका कार्यक्रमहरु सञ्चालन गरी अन्धविश्वास हटाउनु पर्छ अनि त्रि.वि.वि लगायत राष्ट्रका अन्य विश्व विद्यालयहरुले आ-आफ्नो शोधकर्ताहरुलाई जनजातिहरुका बारेमा शोध कार्य गर्न आवश्यक सुविधा प्रदान गरी प्रोत्साहित गर्नुपर्ने अनि मात्र माझी जाति जस्ता सिमान्तकृत जातिको शिक्षामा सहभागिता बढ्न सक्ने सुझाव दिइएको छ ।

अनौपचारिक शिक्षा तथा जनचेतना अभिवृद्धि जस्ता कार्यक्रम सञ्चालन गरी अन्धविश्वास हटाइ स्थानीय मातृभाषामा प्राथमिक शिक्षा सञ्चालन गरिनु आवश्यक देखिन्छ ।

घर्तीमगर र माझी (२०६८), का अनुसार स्थानीय परिवेशमा आफ्नो मातृभाषा छिटो सिक्ने गर्छन् । त्यसैगरी विद्यालय शिक्षक पनि आफ्नो जाति तथा भाषाको भयो भने बालबालिकालाई विद्यालयमा पढ्न मनोवैज्ञानिक हौसला मिल्ने र आफ्नो समस्या सजिलै शिक्षकसँग राख्न सक्छन् । माझी विद्यार्थीका लागि विद्यालयलाई शिक्षामैत्री वातावरण निर्माणका लागि पनि यो उत्तिकै महत्वपूर्ण सवाल हो । यसरी हेर्दा माझीका बालबालिकालाई आफ्नै मातृभाषाबाट पठनपाठन गराउन आवश्यक छ भन्ने सुझाव प्रस्तुत गरिएको छ ।

मातृभाषाबाट शिक्षा प्रदान गरी वि.व्य.स. लगायत सरोकारवालाहरूलाई विद्यालय शिक्षाबाट बाहिर रहेको जनजाति तथा पिछडा वर्गसम्म पुग्न प्रेरित गर्नुपर्दछ ।

सेरिड (२०६१), को अध्ययनमा विद्यालय भर्ना नहुने जनसंख्यामा जनजाति, दलित र बालश्रमिक रहेको तथ्य उल्लेख गर्दै भर्ना दर न्यून भएका क्षेत्रका लागि विशेष छात्रवृत्तिको व्यवस्था गर्ने, मातृभाषामा शिक्षा प्रदान गर्ने नीति अवलम्वन गर्ने, विद्यालय शुल्क तिर्न नसक्ने अभिभावकहरुको पहिचान गरी यस्ता अभिभावकहरुबाट शुल्क नलिन, वि.व्य.स. लाई प्रोत्साहन गर्ने जस्ता सुझावहरु उल्लेख गरिएको छ ।

विद्यालय व्यवस्थापनमा जनजाति तथा पिछडावर्गको पहुँच अभिवृद्धि गरी सहभागिता र सशक्तीकरणका कार्यक्रमहरू चलाई विद्यालयलाई साझा थलोका रूपमा विश्वास गर्न आवश्यक देखिन्छ ।

सेरिड (२०६३), कै अर्को अध्ययनमा माझी तथा पिछडिएका समुदायको विद्यालयमा उपस्थिति न्यून रहेको, प्रोत्साहन गर्ने र चेतना अभिवृद्धि गर्ने कार्य भए तापनि शैक्षिक सचेतनाको कमी तथा निरक्षरता जस्ता कारणले माझी समुदायका अभिभावकहरु विद्यालय प्रवेश गर्न हिच्किचाएको, विद्यालय व्यवस्थापनमा अझै पनि प्रभावशाली वर्गको बाहुल्यता रहेको, वि.व्य.स. र शिक्षक अभिभावक संघमा कथित उपल्लो जाति र पुरुषको संख्या बढी भएको, विद्यालयले सिमान्तकृत तथा अल्पसंख्यक वर्गको आवश्यकता निर्क्यौल गर्ने र तिनलाई सम्बोधन गर्ने प्रयत्न नगरेको, विभेदकारी क्रियाकलापलाई हतोत्साहित गर्नका लागि विद्यालयले

आवश्यक नीति, कार्यक्रम तथा आचारसंहिता पनि निर्माण नगरेको तथा बहुजातीय र बहुभाषिक नेपाली समाजमा तल्लो वर्गका अभिभावकहरुको संलग्नता सन्तोषजनक नभएको जस्ता प्राप्तिहरु उल्लेख गरिएको छ । यस अध्ययनका सुझावहरुमा समुदाय तहमा साक्षरता, क्षमता अभिवृद्धि चेतना जगाउने जस्ता सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने, शैक्षिक कार्यक्रम सञ्चालन गर्दा समावेशीकरणलाई रणनीतिक रुपमा अंगीकार गर्नुपर्ने र स्थानीय स्तरमा बहुसाँस्कृतिक तथा सामाजिक विविधता सम्बन्धी विषयहरुमा आवश्यक नीतिको विकास गर्न विद्यालयलाई अभिप्रेरित गर्नुपर्ने कुरा उल्लेख छ ।

सीमान्तकृत तथा पिछडा वर्गको बसोबास रहेका ठाउँहरूमा आवश्यकता पहिचान गरी रोजगारीका अवसर र शिक्षामा सहभागिता वृद्धि गर्न उनीहरूकै सहभागितामा योजना निर्माण गर्नुपर्दछ ।

थापा (२०५८), का अनुसार माझी तथा सिमान्तकृत जातिका बालबालिकाहरुलाई विद्यालय शिक्षाको अवसर प्रदान गरी, घरधुरी सर्वेक्षण, प्रचार प्रसार र गोष्ठीको आयोजना, आर्थिक सहयोग, शैक्षिक चेतना अभिवृद्धि कार्यक्रम अनिवार्य प्राथमिक शिक्षाको व्यवस्था कार्यान्वयन, कम्तिमा एक जना सिमान्तकृत जाति/माझी शिक्षकको व्यवस्था तथा माझी समुदाय समेतको सहभागितामा योजना तर्जुमा जस्ता कार्यक्रमहरु गर्नुपर्ने सुझावहरु दिइएको छ ।

माझी र बोटेहरू सैद्धान्तिक अवसरले शिक्षाबाट टाढा रहेको देखिन्छ । सैद्धान्तिक अवसरभन्दा उनीहरूमा व्यवहारिक सहभागिता आवश्यक भएकाले सोही अनुरूप लाग्नुपर्ने देखिन्छ ।

थपलिया (२०६५), का अनुसार माझी र बोटेको न स्वास्थ्य छ, न आर्थिक अवस्था काम चल्ने छ, न त शैक्षिक स्थिति नै राम्रो छ । एउटा परिवारमा औसतका हिसावले एक जना व्यक्ति पनि साक्षर छैनन् । यस दृष्टिले उनीहरु सबै पक्षबाट टाढिएका छन् र अरु कतिपय तुलनात्मक, विकसित र सचेत जातिसँग कुनै पनि पक्षमा दाँजीन अनि हाराहारी भएर अगाडि बढ्न नसक्ने स्थिति देखिन्छ । माझीहरुको शैक्षिक चित्र कमजोर देखिन्छ जसले गम्भीर निराशाको स्थिति देखाएको छ । यसले के पुष्ट्याइँ गरेको छ भने अवसर प्रदान गर्नु मात्र सबै कुरा

होइन । न त त्यस अवसरलाई नै सबैले समान र निर्वाध रुपमा प्रयोग गर्न सक्दछन् । अवसरको उपयोग गर्न सक्ने नसक्ने अवस्थाले अन्य कुराहरुबाहेक शैक्षिक कुरामा पनि ठूलो भूमिका खेल्न सक्दछ । यी सब कारणहरुले माझी र बोटेहरुको निराशाजनक शैक्षिक स्थिति देखिएको कुरा उल्लेख गरेका छन् ।

हरेक अवसर र कार्यक्रमहरूमा उनीहरूको अपनत्व हुन आवश्यक देखिन्छ । जसका लागि माझी तथा अल्पसङ्ख्यकहरूको संलग्नतामा योजना निर्माण र कार्यान्वयन गरिनु पर्दछ ।

के.सी. (२०६१), का अनुसार माझी तथा अल्पसंख्यक जातिको शिक्षामा सहभागिता सम्बन्धी समस्या समाधानका लागि माझी, सिमान्तकृत तथा अल्पसंख्यकहरुको स्थितिको बारेमा विस्तृत र यथार्थवादी खोज अनुसन्धान, सिमान्तकृतहरुको संलग्नतामा कार्यक्रम तर्जुमा, उनीहरुको परम्परागत सीपलाई प्रोत्साहन, प्रचारप्रसार र जनचेतना जागरण, भेदभाव गर्नेलाई कडा कानुनी कारवाही, पिछडिएका सबैलाई छात्रवृत्तिको व्यवस्था, उदाहरणीय माझीहरुको जीवनी पाठ्यक्रममा समावेश, माझी श्रम र सीपको उचित कदर, पेशागत तालिम, उपयुक्त शैशिक वातावरण, योग्य र तालिमप्राप्त शिक्षकको व्यवस्था तथा माझी शिक्षकको व्यवस्था जस्ता कार्यमक्रमहरु गरिनुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

समग्रमा उल्लेखित लेख अध्ययन-अनुसन्धानको अधारमा हेर्दा माझी समुदाय राष्ट्रद्वारा गरिएका विभिन्न प्रयासका बावजुत पनि आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक क्षेत्रमा पिछडिएको पाइन्छ । उनीहरुको शैक्षिक उत्थानका लागि उनीहरुकै सहभागितामा उनीहरुको आफ्नो आवश्यकता अनुकुलको जीवनोपयोगी, आयमूलक शिक्षाको खाँचो देखिन्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनलाई तथ्यपरक बनाउन र सैद्धान्तिक समर्थन जुटाउनका लागि तथा उपलब्ध जानकारी एवम् तथ्याङ्क विश्लेषण गर्न पाउलो फ्रेरेको सचेतीकरणको सिद्धान्त तथा सामाजिक न्यायको सिद्वान्तलाई आधार बनाइएको छ ।

राज्यद्धारा प्रदान गरिएका शिक्षा सम्वन्धी सेवा सुविधा सो राज्यका नागरिकहरुले समान रुपमा विना भेदभाव उपभोग गर्न पाउनु सामाजिक न्याय भएकाले प्राथमिक शिक्षाको सेवा सुविधामा माझी जातिप्रति के-कस्तो सामाजिक न्याय भइरहेको छ भन्ने सम्वन्धमा यस अध्ययनमा विश्लेषण गर्ने प्रयास गरिने छ । साथै जातीय भेदभाव हटाई समाजका सवै वर्गमा समानता कायम गर्ने तथा सामाजिक न्याय प्रदान गर्ने कार्यमा वर्तमान शिक्षा व्यवस्थाले के-कस्तो योगदान गर्न सकेको छ भन्ने सम्वन्धमा पनि यस शोधपत्रमा व्याख्या र विश्लेषण गरिएको छ ।

फ्रेरेले भने अनुसार, माझी र उत्पीडित वर्गको सचेतताको अभावमा हाम्रो परम्परागत नेपाली समाजका माझीहरु पनि त्यसरी नै दविएर, थिचिएर, मिचिएर बस्नु परेको अवस्था,धार्मिक अन्धविश्वासले शिक्षा लिनमा माझी वर्गलाई बाधा अवरोध गरिरहेको अवस्था साथै उनीहरुलाई कसरी सचेत बनाई प्राथमिक शिक्षामा सहभागी गराउन सकिन्छ भन्ने सम्वन्धमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

यसरी फ्रेरेले सन १९६७ मा प्रकाशित आफ्नो पुस्तक 'पेडागोजी अफ द ओप्रेस्ड' मा निम्नवर्गका समुदायलाई शैक्षिक अवसर उपयोग गर्दै आफ्नो अधिकारका लागि संगठित हुन सन्देश दिएका छन् । सामाजिक जागरणका लागि प्रसिद्ध शिक्षाशास्त्री फ्रेरेद्वारा प्रतिपादित सिद्धान्तको नाम सचेतीकरणको सिद्धान्त हो । फ्रेरेको सामाजिक सचेतीकरणको सिद्धान्तको ढाँचा धार्मिक उदारवादमा आधारित छ । समाजमा तल्ला उत्पीडित थिचिएका, मिचिएका वर्गका मानिसहरु हुन्छन् । समाजमा चलेको विद्यमान धार्मिक संस्कारले त्यस्ता समुदायले धार्मिक समानता प्राप्त गर्नुपर्दछ, समाजमा धार्मिक उदारता जागरण गराउनु पर्दछ । उनले यस धार्मिक उदारवादलाई मार्क्सवादी चिन्तनसँग समायोजन गराए । अर्थात मार्क्सवादी चिन्तन अनुसारको वर्गीय समाजको अवधारणालाई उत्पिडित र सर्वहारा वर्गलाई शिक्षाको माध्यमबाट सचेत बनाउने प्रकृयाको सुत्रपात गरे । उनले विद्यमान औपचारिक शिक्षा प्रणालीको विरोधमा बैकल्पिक अनौपचारिक शिक्षा पद्धतिको वकालत गरेका छन् । औपचारिक शिक्षालाई बैंकमा टोकन दिएर पैसा लिने रुपको शिक्षण प्रणाली भने । अर्को शब्दमा भन्दा औपचारिक प्रणाली भनेको शिक्षकको

मस्तिष्कबाट बिद्यार्थीको मस्तिष्कमा ज्ञान र सीप हस्तान्तरण गर्ने प्रणाली हो र यस प्रणालीले सामन्त वर्गको चाहना अनुसारको ज्ञान र सीप पाठ्यक्रम मार्फत सार्ने गर्दछ । यस प्रणालीमा विद्यार्थीको क्रियाशीलता हुदैन, विद्यार्थीको सिर्जनात्मक प्रतिभा त्यसै हराएर जान्छ ।

फ्रेरेका अनुसार शिक्षकले आफ्नो विद्यार्थीहरुको इच्छा, आकांक्षा, चाहना, आवश्यकता र समुदायको माग समेतलाई व्यक्तिगत र सामूहिक रुपबाट अध्ययन विश्लेषण गरी सामुहिक निश्कर्षमा पुग्नुपर्दछ । यो शिक्षाको उदारवाद, मानवतावाद र जनपक्षीथ प्रणाली हो । समाजका आवश्यकताहरु वर्गीय आधारमा र व्यक्तिगत विचारका आधारमा सामूहिक निर्णय गरी समालोचनात्मक सामाजिक विश्लेषण गर्नाले हरेक व्यक्तिको विचारको सम्मान र कदर भई व्यक्ति सचेत हुनु नै सचेतीकरण हो भनी उनले भनेका छन । उनको यस प्रकारको शैक्षिक चिन्तनले समाजको उत्पीडित समुदायलाई आफ्ना हक अधिकारमा सचेत बनाएको छ, (शर्मा एण्ड शर्मा, २०६८) ।

सामाजिक न्याय भनेको समाजका हरेक व्यक्तिहरुले प्रकृति प्रदत्त अधिकार स्वतन्त्र उपयोग गर्न पाउने र आफ्नो उत्तरदायित्व एवम् कर्तव्यप्रति प्रतिवद्ध हुने विधि हो । सत्य, यथार्थ र तथ्यपरक कुराप्रति, सत्यको रक्षाका निम्ति अग्रसर हुनु पर्दछ , सत्य कुरालाई व्यवहारमा अपनाउनु पर्दछ , कसैमाथि बलमिचाइ वा दमन गर्नु हुदैन त्यो नै न्याय हो । प्रत्येक मानिसले पृथ्वीमा पदार्पण गर्दा कुनै न कुनै प्रकारको व्यक्तिगत खुवी र प्रतिभा प्राप्त गरेको हुन्छ र प्रत्येक व्यक्तिका अन्तरनिहित त्यस्तो प्रतिभा प्रस्फुटन गर्न सबैले समानअवसर प्राप्त गर्नु पर्दछ । यो सामाजिक न्यायको मान्यता हो । न्याय सत्यमा आधारित विश्वास हो । कुनै पनि कुरा अन्तरविरोध, विचार, व्यवहार ठीक-बेठीक, सत्य,-असत्य, राम्रो-नराम्रो, पक्षपातपूर्ण-पक्षपातरहित के हो ? भनी छुट्याउने विधि र सिद्वान्त नै न्याय हो । सामाजिक व्यवहार विचार, प्रचलनमा अन्तर निहित सत्यता र असत्यताको पहिचान सामाजिक न्यायले गर्दछ । समाजमा रहेका प्रत्येक प्राणीको प्रकृतिप्रदत्त नैसर्गिक अधिकार, शिक्षा प्रतिको अधिकार, मानवअधिकार सम्वन्धमा स्वतन्त्रपूर्वक विकास गर्न छुट दिने विधि सामाजिक न्याय हो । अर्को अर्थमा सामाजिक न्याय

भनेको मानिसलाई प्राकृतिक नियमको सर्न्दभमा हेर्नु हो र त्यही अनुकुल व्यवहार गर्नु हो । प्रकृतिले कसैलाई पक्षपात गर्दैन र सामाजिक नियमहरुले पनि कसैलाई पक्षपात गर्नु हुदैन भन्ने विचार फ्रेरको रहेको छ (सिंह, २०६६) ।

सामाजिक न्यायका लागि 'रामराज्य' को उदाहरण एवम् पान्डवहरुले प्रदान गर्ने गरेको सामाजिक न्यायको उदाहरण अति प्रसिद्व छन् । अर्थात सामाजिक न्यायको अवधारणा आज मात्र नभई समाज निर्माणका समयबाट नै कार्यान्वयन हुदै आएको पाइन्छ । प्राचीनकाल र मध्यकालको समाज क्रमश : धार्मिक र आध्यात्मिक पक्षहरुमा विश्वास गर्दथ्यो र सोही अनुसार समाज सञ्चालन हुन्थ्यो । आजको समाज भौतिक पक्ष, प्रमाणिक पक्ष, प्रयोग र परीक्षण अर्थात् अवलोकन पक्ष र सत्यतथ्यका आधारमा प्रमाणित कुराहरुमा बढी विश्वास गर्ने भएको छ । भनाइको अर्थ सामाजिक प्रवृत्ति एवम् प्रकृतिअनुसार सामाजिक न्याय प्रदान गरिने परम्परा रहि आएको छ । सामाजिक न्यायमा पनि समाज र न्याय दुई पक्ष देखिन्छन् । समाजलाई न्यायपूर्ण बनाउन र मानिसलाई न्यायिक बनाउन समाज र व्यक्ति दुबैले आ–आफ्नो पक्षको दायित्व निर्वाह गर्नु आवश्यक मानिन्छ । सामाजिक न्यायको उपभोग गर्नका लागि समाजले पनि सचेत भई अघि बढ्नु पर्दछ किनभने समाजमा विभिन्न किसिमको सामाजिक, आर्थिक, शैक्षिक, बौद्धिक गतिविधिहरु सञ्चालन हुने गरेको पाइन्छ । ती गतिविधिहरु कुनै खास नियमहरु, सिद्धान्तहरु, पद्धतिहरुबाट सञ्चालित हुने गर्दछन् । त्यसरी सामाजिक नीति नियमका आधारमा निष्पक्षताको सिद्धान्त अवलम्बन गरी शैक्षिक गतिविधि कार्यन्वयन गर्नु गराउनुलाई शिक्षामा सामाजिक न्याय भनिन्छ । त्यसैले यस अध्ययनमा फ्रेरेको सैद्धान्तिक विचारलाई सम्वन्धित गरिएको छ (शर्मा एण्ड शर्मा, २०६८) ।

शैक्षिक अवसर र निष्पक्षता भन्नाले यहाँ समाजका सबै व्यक्तिहरुले शिक्षाको समान अवसर पाउनु हो । यसरी शैक्षिक अवसर प्रदान गर्दा समानताका आधारमा मात्र नभई सबै व्यक्ति र जातिले आआफ्नो योग्यता र क्षमता अनुसार निष्पक्षताका आधारमा प्राप्त गर्न सक्नु पर्दछ भन्ने शिक्षाका लागि समान अवसर सम्बन्धी एक विश्वव्यापी नारा छ । यस सिद्धान्तका अनुसार समाजका सम्पूर्ण बालबालिकालाई शिक्षा प्रदान गर्ने मान्यता रहेको देखिन्छ । तर देशको भौगोलिक आर्थिक स्थिति र

व्यक्ति तथा समाजको सामाजिक स्थिति एवम् वौद्विक जागरण र वातावरण जस्ता अनेकानेक कारणहरुले राष्ट्रका सबै बालबालिकाहरु समान रुपमा शिक्षा प्राप्त गर्ने मौकाबाट बञ्चित छन् । यस अवस्थाबाट माभी बालबालिका पनि प्रभावित वन्न पुगेका छन् (सिंह, २०६६) ।

सामाजिक न्यायलाई सामाजिक नैतिकता पनि भन्न सकिन्छ । समाजमा गर्न हुने, समाजलाई मान्य हुने, समाजले सहजरुपमा स्वीकार्ने, समाजका कुनै पनि व्यक्तिलाई अन्याय नपर्ने अवस्थालाई सामाजिक न्याय भनिन्छ । सामाजिक न्याय भनेको व्यक्तिको नैसर्गिक अधिकार, मौलिक अधिकार, प्राकृतिक अधिकार र जन्मसिद्ध अधिकार भित्र पर्दछ । शैक्षिक जागरण, आर्थिक जागरण, सामाजिक सुधार, मुक्ति आन्दोलन, सचेतीकरण, सांस्कृतिक अभियान, मानव अधिकार, वाल अधिकार, श्रमिक अधिकार, महिला अधिकार आदि नामहरुबाट सामाजिक न्यायका अवधरणाहरु आउने गरेका छन् । संक्षेपमा सामाजिक न्याय समाज सु-सञ्चालनको आवश्यक र अनिवार्य पक्ष हो । यसले निश्पक्ष रुपमा समाजका सम्पूर्ण व्यक्तिलाई राजनीतिक, आर्थिक सामाजिक, शैक्षिक, धार्मिक लगायतका सम्पूर्ण पक्षहरुमा सुसुचित गर्ने र सही मार्गमा लाग्न निर्देशन गर्दछ । समाजमा जव सिमान्त र सुविधा विहीन जनसंख्याको मात्रा ठूलो रहेको हुन्छ, त्यहाँ सामाजिक न्याय छ भन्न मिल्दैन । सामाजिक न्याय प्राप्ति मानिसको जन्मसिद्ध अधिकार हो, (शर्मा, २०६१) ।

यस जन्मसिद्ध अधिकार प्राप्तिका लागि समाजलाई सुसूचित गर्ने विभिन्न उपायहरु रहेका हुन्छन् । यस्ता सामाजिक न्याय प्रर्वद्धनका उपायहरुमा शिक्षा, वैधानिक प्रावधान, सामाजिक न्यायको वकालत र पुनर्स्थापना कार्यक्रम मुख्य रुपमा मानिएका छन् । यसरी सामाजिक न्याय प्रवर्द्धनका उपायहरु मध्ये शिक्षालाई सबैभन्दा प्रभावकारी उपाय मानिन्छ । शिक्षा सचेतना विकासको सशक्त माध्यम, समाज परिवर्तनको वाहक, मानवीय सशक्तिकरणको प्रमुख आधार मानिन्छ । शिक्षाले मानवीय व्यवहारमा परिवर्तन ल्याउने, मनोवृत्तिमा परिवर्तन ल्याउने, सामाजिक न्यायका कुराप्रति मानिसलाई सचेत बनाउने काम गर्दछ । समाजका रुढिवादी, अन्धविश्वास, कुसंस्कार, छुवाछुत, वर्गीय वेमेल हटाई सामाजिक समानता प्रदान गर्न शिक्षा नै प्रमुख उपायका रुपमा रहेको देखिन्छ । सामाजिक

समानता र न्याय भनेको समाजका धर्म, वर्ण, लिङ्ग, जात लगायत सबै पक्षका मानिसहरु, केटाकेटीहरु, बुढाबुढी, महिला, श्रमिक, किसान, मजदुर समेतलाई समान रुपमा काम गर्ने गराउने वातावरणको नीति हो र यसका लागि शिक्षाले मात्र व्यक्ति र समाजलाई मार्गदर्शन दिन सक्छ, समाजलाई न्याय दिन सक्दछ अनि वर्गीय असमानताको अन्त्यको सम्भावना बढेर जान सक्छ, (शर्मा, २०६३) ।

सामान्य अर्थमा भन्नुपर्दा कुनै कुराहरु ठीक-बेठीक, सही-गलत पक्षपातपूर्ण-पक्षपातरहित, राम्रो-नराम्रो, सत्य के हो भनी केलाउनुलाई न्याय भनिन्छ । सामाजिक न्याय जहिले पनि सत्यताको पक्षमा उभिने विश्वास गरिन्छ । समाजमा विभिन्न व्यक्ति,समुदाय, वर्ग र समुदायका मानिसहरुको बसोबास रहेको हुन्छ । समाजका यस्ता हरेक व्यक्ति र समूहको आ-आफ्नो कर्तव्य र दायित्व हुन्छ । व्यक्ति वा समूहलाई कर्तव्य र दायित्वप्रति सचेत र सजग बनाउने काम समेत सामाजिक न्यायको मानिन्छ (शर्मा एन्ड शर्मा, २०६८) ।

यसरी माझी जाति पनि यसै समाजको सिमान्तकृत वर्गमा पर्ने भएकोले यस अध्ययनमा सामाजिक न्यायको सिद्वान्तलाई पनि सम्बन्धित गर्ने प्रयास गरिएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

वैचारिक खाकाको रुपमा उल्लेख गरिएका सिद्धान्तहरु तथा सम्बन्धित साहित्यका रुपमा पुनरावलोकन गरिएका लेख, रचना, अध्ययन अनुसन्धान एवम् पूर्व शोधपत्रहरुको अध्ययन र निश्कर्शबाट प्रस्तुत अध्ययन नेपाली समाजमा सुविधाविहिन निम्न वर्गको रुपमा रहेका माझी जातिहरुको शैक्षिक अवस्थालाई बुझ्नका लागि आधार स्रोतका रुपमा रहेको छ ।

राज्यद्वारा प्रदान गरिएका शिक्षा सम्बन्धी सेवा सुविधामा  सामाजिक न्याय र सचेतीकरण भइरहेको छ कि छैन ? भनी यकिन गर्न तथा जातीय, लैङ्गिक, सिमान्तकृत र अल्पसंख्यकको योगदान बारे जानकारी हाँसिल गर्न सामाजिक न्यायको सिद्धान्तको अध्ययन उपयोगी हुने देखिन्छ ।

'माझी जातिको परिचय' नामक पुस्तकमा लेखक धनबहादुर माझीले उल्लेख गरे अनुसार माझी परापूर्व कालबाटै शिक्षाको अवसरबाट बञ्चित हुदै अएको हुँदा आजसम्म माझी बालबालिकाको शिक्षामा सहभागिता कम रहेको अवस्था पुष्टि गर्न उपयोगी देखिन्छ ।

डोरबहादुर विष्टका अनुसार 'सबैजातको फूलवारी' पुस्तकमा उल्लेख भएको माझी र वोटे जातिको लेखमा युगौंदेखि पाकृतिक जातिका रुपमा नेपालमा बसोवास गरेका भए पनि राज्यको सुविधाबाट वञ्चित भई शिक्षामा पछि परेको तथ्य सावित हुन्छ ।

माझी जातिको शिक्षामा सहभागिता सम्वन्धी समस्या पहिचान गर्न तथा समस्या समाधानका उपायहरु खोजी गर्ने सन्दर्भमा माझी शिक्षासंग सम्वन्धित पूर्व शोधपत्रहरुको अध्ययन उपयोगी सिद्ध भएको छ ।

माझी तथा सिमान्तकृत वर्गको शिक्षामा सहभागिता विषयसँग प्रत्यक्ष र परोक्ष रुपमा सम्वन्धित सेरिडद्वारा विभिन्न समयमा गरिएका अनुसन्धानहरुको अध्ययनबाट त्यस्ता वर्गको शिक्षामा सहभागिता सम्बन्धी समस्याका कारणहरु पहिचान गरी समस्या समाधानका उपायहरु पहिल्याउन उपयोगी भएको छ ।

अध्ययनको शीर्षकलाई प्रष्ट पार्न र अध्ययनलाई निर्दिष्ट दिशामा अगाडि बढाउन समेत पुनरावलोकन गरिएका विभिन्न सिद्धान्त लेख, रचना तथा अध्ययन प्रतिवेदनहरु उपयोगी बनेका छन् ।

# परिच्छेद तीन : अध्ययन विधि

माझी बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता शीर्षक अन्तर्गत यस परिच्छेदमा अध्ययनलाई कसरी निष्कर्षमा पुऱ्याउने भन्ने उद्देश्यका साथ अध्ययन क्षेत्रभित्रको जनसङ्ख्या र अनुसन्धानको ढाँचा एवम् स्रोतहरू उल्लेख गरी साधनहरूको निर्माण र प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनलाई उपलब्धीमूलक बनाउनका लागि ब्याख्यात्मक र वर्णनात्मक बिधि अपनाई विश्लेषण गरिएको छ । परिमाणात्मक तथा गुणात्मक दुवै मिश्रित अनुसन्धान ढाँचाको प्रयोग गरी अध्ययन गरिएको छ ।

## ३.२ जनसंख्या

यस अध्ययनका लागि सुनसरी जिल्लाको महेन्द्रनगर श्रोत केन्द्र अन्तर्गतका सामुदायिक बिद्यालयहरु, उक्त विद्यालयका प्र.अ., अध्यापनरत शिक्षक एवम् सोही विद्यालयका वि.ब्य.स. का पदाधिकारीहरुलाई अध्ययनको जनसंख्याका रुपमा लिइएको छ । अनि प्रा.वि. तहमा अध्ययनरत माझी विद्यार्थी र विद्यालय बाहिरका माझी बालबालिकालाई पनि जनसंख्याका रुपमा लिइएको छ ।

## ३.३. नमूना

यस अध्ययनलाई सार्थक र निष्कर्षमुखी बनाउन सम्पूर्ण जनसंख्यालाई समावेश गर्न सम्भव नभएकाले निम्नानुसार जनसंख्याको नमूना छनोट गरिएको छ :

तालिका १

जनसङ्ख्या र नमुना छनोटको विधि

| क.सं. | विवरण | जम्मा जनसंख्या | नमुना जनसंख्या | छनोट विधि |
|---|---|---|---|---|
| १ | स्रोतकेन्द्र | 12 | 1 | उद्देश्यमूलक |
| २ | विद्यालय | 21 | 3 | उद्देश्यमूलक |
| ३ | प्र.अ. | 21 | 3 | उद्देश्यमूलक |
| ४ | शिक्षक | 23 | 3 | उद्देश्यमूलक |
| ५ | वि.व्य.स. | 21 | 6 | उद्देश्यमूलक |
| ६ | विद्यार्थी | 741 | 12 | उद्देश्यमूलक |

महेन्द्रनगर स्रोतकेन्द्रको अभिलेख, २०७०

माथिको तालिका अनुसार सुनसरी जिल्लाको १२ वटा स्रोतकेन्द्रहरू मध्ये उद्देश्यात्मक विधि अनुसार महेन्द्रनगर स्रोतकेन्द्रलाई अध्ययन क्षेत्र बनाई २१ वटा विद्यालयहरूमध्ये ३ वटा विद्यालयका ३ जना प्र.अ., ३ जना शिक्षक, ६ जना वि.व्य.स.सदस्य र १२ जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ ।

**३.३.१ विद्यालय छनोट**

अध्ययनकर्ताको अध्ययनको उद्देश्यहरु सहजरुपमा पूरागर्ने उद्देश्य अनुरुप प्राथमिक तह सञ्चालन भएका महेन्द्रनगर स्रोतकेन्द्र अन्तरगतका श्री सप्तकोशी प्रा. वि. म. न. - ६, श्री प्रा. वि. म. न. - ४, श्री महेन्द्र मा.वि. तित्रिगाछी म.न.- ४ लाई उद्देश्यात्मक नमूना छनोट विधिको प्रयोग गरी नमूनाका रुपमा छनौट गरिएको छ ।

**३.३.२ शिक्षक , प्र.अ., वि.व्य.स. पदाधिकारी तथा माझी बालबालिकाको छनौट**

यस अध्ययनलाई सार्थकता प्रदान गर्न नमूनामा परेका विद्यालयका प्र.अ. वि.व्य.स. पदाधिकारी एक एक जना, एक-एक जना शिक्षकहरु, अभिभावकहरु र एक-एक जना माझी बालबालिकाहरु उद्देश्यात्मक नमुना छनौट विधिको प्रयोग गरी नमुनाको रुपमा छनौट गरिएको छ ।

### ३.४ तथ्याङकका स्रोतहरु

यस अनुसन्धानलाई निष्कर्षमुखी बनाउन निम्न अनुसारको तथ्याङ्कका स्रोतहरु प्रयोग गरिएको छ ।

#### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ताबाट छनौटमा परेका शिक्षकहरुसँग, प्र.अ.हरुसँग, वि.व्य.स. पदाधिकारीहरुसँग, अभिभावकहरुसँग, विद्यार्थीहरुसँग, विद्यालय वाहिर रहेका बालबालिकाहरुसँग, प्रश्नावलीको माध्यमबाट प्राप्त गरिने सूचनाहरु र प्राप्त तथ्याङ्कहरु प्राथमिक श्रोतका रुपमा प्रयोगमा ल्याइएको छ (अनुसूची- १, २, ३, ४, ५ र ६ ) ।

#### ३.४.२ द्वितीय श्रोत

यस अनुसन्धानका लागि छनौटमा परेका विद्यालयहरुको अभिलेख, जि.वि.स. सुनसरीको अभिलेख, श्रोतकेन्द्रबाट प्राप्त तथ्याङ्क र गा.वि.स. बाट प्राप्त तथ्याङ्क तथा सूचनाहरु तथ्याङ्कको द्वितीय श्रोतका रुपमा प्रयोग गरिएको छ ।

### ३.५ अनुसन्धानका साधनहरु

यस अनुसन्धानका उद्देश्यहरु प्राप्त गर्न आवश्यक पर्ने सूचनाहरु एवम् तथ्याङ्कहरुको संकलनका लागि निम्न अनुसारका साधनहरुको प्रयोग गरिएको छ ।

#### ३.५.१ अवलोकन फारम

यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्कहरू सङ्कलनका लागि अवलोकन फारमको प्रयोग गरिएको छ ।

#### ३.५.२ प्रश्नावली

यस अध्ययनको जनसंख्याका रुपमा छनौटमा परेका शिक्षकहरुबाट, प्र.अ. हरुबाट, वि.व्य.स. पदाधिकारीबाट, विद्यालय भित्र र बाहिरका विद्यार्थीका अभिभावकहरुबाट र विद्यार्थीहरुबाट सूचना एवम् तथ्याङ्कहरु संकलन गर्न प्रश्नावलीको प्रयोग गरिएको छ ।

### ३.५.३ अन्तरवार्ता

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न छनौटमा परेका विद्यालयका प्र.अ. एवम् वि.व्य.स. पदाधिकारीहरुको लागि अन्तरवार्ता प्रश्नावली निमार्ण गरी प्रयोग गरिएको छ ।

### ३.५.४ समूह छलफल

अध्ययनलाई आवश्यक पर्ने सूचनाहरू प्राप्त गर्नका लागि लक्षित समूह छलफललाई प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलनको विधि

यस अध्ययनलाई निष्कर्षमुखी र सार्थक बनाउन यसको नमूना छनौटमा परेका जनसंख्यामा निम्न साधनको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

**(क) प्रश्नावली**

प्रत्यक्ष रुपमा अन्तरवार्ता लिन र छलफल गर्न सम्भव नभएका नमूनामा छनौट गरिएका जनसंख्याबाट प्रश्नावली मार्फत आवश्यक सूचना संकलन गरिएको छ (अनुसूची -१, २, ३, ४, ५ मा देखाइएको छ) ।

**(ख) स्थलगत अध्ययन**

अध्ययन क्षेत्रमा अध्ययनकर्ता आफै उपस्थित भई माझी विद्यार्थी पठन पाठन गरेका विद्यालय र माझी परिवारको घरको अवलोकन, अध्ययन गरी अध्ययनलाई भरपर्दो र विश्वसनीय बनाउने प्रयास गरिएको छ ।

**(ग) कक्षा/अवस्था अवलोकन फारम**

कक्षाकोठामा माझी विद्यार्थीहरुको सहभागिता सम्वन्धी अवस्था बुझ्न अवलोकन फारम प्रयोगमा ल्याइएको छ ।

**(घ) लक्षित समूह छलफल**

अध्ययनलाई थप सूचना प्राप्त गर्न लक्षित समूह छलफललाई आधार बनाइएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण विधि

तथ्याङ्क विश्लेषण प्रक्रियामा तथ्याङ्कशास्त्रीय विविध विधिहरुको प्रयोग गरिएको छ । खास गरी प्राप्त भएका तथ्याङ्कहरुको प्रयोग संख्यात्मक र गुणात्मक रुपमा व्याख्या र विश्लेषण गर्ने विधिलाई नै प्रस्तुत शोधपत्रको मुख्य आधार बनाइएको छ । प्राप्त सूचना एवम् जानकारीहरुलाई गुणात्मक विधिद्वारा व्याख्या गरिएको छ । तथ्याङ्कहरुलाई सैद्धान्तिक खाकाको रुपमा छनौट गरिएको पाउलो फ्रेरेको सचेतीकरणको सिद्धान्त तथा सामाजिक न्यायको सिद्धान्तसंग तुलनात्मक अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## परिच्छेद चार : नतिजाको छलफल

अध्ययन क्षेत्रका नमुनामा परेका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरू मध्ये माझी समुदायका बालबालिकाहरूको वास्तविक सहभागिता कस्तो छ ? भन्ने विषयलाई पुष्टी गर्न यस परिच्छेदमा तथ्याङ्क सङ्कलनका साधनहरूको प्रयोगबाट प्राप्त नतिजाको छलफल गरिएको छ ।

### ४.१ माझी बालवालिकाहरुको प्राथमिक शिक्षाका सहभागिता

अध्ययनको सिलसिलामा ४९ गा.वि.स. हरु तथा ३ नगरपालिकाहरुमा राजनैतिक रुपले विभाजित सुनसरी जिल्लाका ३ नगरपालिका र १६ गा.वि.स.हरु समेतमा माझी बस्ती रहेको छ । जसमध्ये ६ वटा गा.वि.स. हरुमा घना बस्ती छ । महेन्द्रनगर गा.वि.स. घना बस्ती भएका गा.वि.स.हरु मध्ये पर्दछ । जसको वडा नं. ४ मा ७१ घर, मुलकोशी र भङ्गालोको बीचमा रहेको वडा नं. ५ (जसलाई श्रीलंका टापु पनि भनिन्छ) मा ३३ घर, वडा नं. ६ मा ३१ घर तथा वडा नं. ७ मा ८ घरसमेत गरी जम्मा १४३ घर रहेको निर्वाचन आयोगबाट २०७० सालमा प्रकाशित तथाङ्कमा उल्लेख छ । माझी जातिसँग सम्बन्धित विभिन्न अध्ययन अनुसन्धान भए पनि शैक्षिक सहभागिताका बारेमा अध्ययन न्यून रहेकाले यस विषयलाई यहाँ अध्ययन गरी प्राप्त तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण गरिएको छ ।

#### ४.१.१ माझी बालवालिकाहरुको विद्यालयमा भर्नाको स्थिति

महेन्द्रनगर गा.वि.स. को वडा नं.४ र ६ का श्री महेन्द्र मा.वि, श्री प्राथमिक विद्यालय र श्री सप्तकोशी प्रा.वि. को सेवा क्षेत्रभित्र रहेका माझी बालबालिकाको प्राथमिक शिक्षामा भर्नाको वर्तमान स्थिति यसप्रकार प्रस्तुत गरिएको छ ।

तालिका २

श्री महेन्द्र मा.वि., तित्रिगाछीको प्राथमिक तहमा माझी बालबालिकाहरुको भर्ना विवरण २०६७

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | माझी विद्यार्थी संख्या | | | माझी विद्यार्थी प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | २७ | २१ | ४८ | ३ | ४ | ७ | ११.११ | १९.०४ | १४.५८ |
| २ | १९ | २० | ३९ | २ | १ | ३ | १०.५२ | ५ | ७.६९ |
| ३ | २५ | ३२ | ५७ | ४ | १ | ५ | १६ | ३.१२ | ८.७७ |
| ४ | ४२ | २३ | ६५ | ३ | २ | ५ | ७.१४ | ८.६९ | ७.६९ |
| ५ | २६ | २५ | ५१ | ४ | २ | ६ | १५.३८ | ८ | ११.७६ |
| जम्मा | १३९ | १२१ | २६० | १६ | १० | २६ | ११.५१ | ८.२६ | १० |

स्रोत : विद्यालय अभिलेख, फ्लास i, २०६७

माथिको तालिकालाई अध्ययन गर्दा उक्त विद्यालयको प्राथमिक तहमा २०६७ मा २६० जना विद्यार्थी रहेका छन् । त्यसमा माझी जातिका विद्यार्थीहरुको संख्या २६ अथवा १० प्रतिशत रहेको छ । माझी विद्यार्थीहरुका छात्रा १६ र छात्र १० जना छन् । कक्षागत रुपमा कक्षा-१ मा जम्मा ४८ जना विद्यार्थी मध्ये माझी विद्यार्थी ७ जना छन् । कक्षा-२ मा जम्मा ३९ जना विद्यार्थी मध्ये माझी विद्यार्थी ३ जना छन् । कक्षा-३ मा ५७ जना विद्यार्थी मध्ये ५ जना माझी विद्यार्थी छन् । कक्षा-४ मा ६५ जना विद्यार्थी मध्ये ५ जना माझी विद्यार्थी छन् । कक्षा-५ मा ५१ जना विद्यार्थी मध्ये ६ जना माझी विद्यार्थी रहेका छन् । यसरी कक्षा १ देखि कक्षा ५ सम्मको माझी विद्यार्थीको अवस्थालाई हेर्दा कक्षा १ वाट कक्षा ५ सम्म आइपग्दा माझी विदायार्थीले आफ्नो पढाइलाई निरन्तरता नदिएको पुष्टि हुन्छ ।

तालिका ३

श्री महेन्द्र मा.वि.तित्रिगाछीको प्राथमिक तहमा माझी विद्यार्थीको भर्ना विवरण २०६८

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | माझी विद्यार्थी संख्या | | | माझी विद्यार्थी प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ३१ | २० | ५१ | २ | ३ | ५ | ६.४५ | १५ | ९.८० |
| २ | २३ | १८ | ४१ | ३ | १ | ४ | १३.०४ | ५.५५ | ९.७५ |
| ३ | २६ | २९ | ५५ | ४ | २ | ६ | १५.३८ | ६.८९ | १०.९० |
| ४ | ३९ | २४ | ६३ | ३ | ९ | १२ | ७.६९ | ३७.५ | १९.०४ |
| ५ | २८ | २९ | ५७ | ४ | ३ | ७ | १४.२८ | १०.३४ | १२.२८ |
| जम्मा | १४७ | १२० | २६७ | १६ | १८ | ३४ | १०.८८ | १५ | १२.७३ |

स्रोत : विद्यालय अभिलेख, २०६८

माथिको तालिकाबाट उक्त विद्यालयको प्राथमिक तहमा २०६८ मा जम्मा २६७ जना विद्यार्थी रहेका छन् । त्यसमा माझी जातिका विद्यार्थीहरुको संख्या ३४ अथवा १२.७३ प्रतिशत रहेको देखिनुले २०६७ मा भन्दा २०६८ मा माझी विद्यार्थीहरुको प्राथमिक तहको सहभागितामा वृद्धि देखिन्छ ।

तालिका ४

श्री महेन्द्र मा.वि.तित्रिगाछीको प्राथमिक तहमा माझी विद्यार्थीको भर्ना विवरण २०६९

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | माझी विद्यार्थी संख्या | | | माझी विद्यार्थी प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ३० | २२ | ५२ | ५ | ४ | ९ | ९.६१ | ७.६९ | १७.३ |
| २ | १७ | २३ | ४० | ४ | ३ | ७ | १० | ७.५ | १७.५ |
| ३ | २८ | ३४ | ६२ | ३ | ६ | ९ | ४.८३ | ९.६६ | १४.४९ |
| ४ | ४० | २६ | ६६ | ५ | ६ | ११ | ७.५७ | ९.०९ | १६.६६ |
| ५ | २७ | २७ | ५४ | ५ | ३ | ८ | ९.२५ | ५.५५ | १४.८ |
| जम्मा | १४२ | १३२ | २७४ | २२ | २२ | ४४ | ८.०२ | ८.०२ | १६.४ |

स्रोत : विद्यालय अभिलेख, २०६९

माथिको तालिकालाई अध्ययन गर्दा उक्त विद्यालयको प्राथमिक तहमा जम्मा २७४ जना विद्यार्थी रहेका छन् । त्यसमा माझी जातिका विद्यार्थीहरुको संख्या ४४ अथवा १६.४ प्रतिशत रहेको छ । माझी विद्यार्थीमा छात्रा २२ र छात्र २२ जना छन् । कक्षागत रुपमा कक्षा-१ मा जम्मा ५२ जना विद्यार्थी मध्ये माझी विद्यार्थी ९ जना छन् । कक्षा-२ मा ४० जना विद्यार्थी मध्ये माझीको संख्या ७ रहेको छ । कक्षा ३ मा ६२ जना विद्यार्थीहरु मध्ये ९ जना माझी विद्यार्थी छन् । कक्षा ४ मा ६६ जना विद्यार्थी मध्ये माझीको संख्या ११ रहेको छ । त्यस्तै कक्षा ५ मा जम्मा ५४ जना विद्यार्थीहरु मध्ये माझी विद्यार्थीको संख्या ८ रहेको छ । यसरी कक्षा १ र २ मा १७ प्रतिशतभन्दा बढी माझी विद्यार्थी रहेकोमा कक्षा ५ मा १४.८ प्रतिशत मात्र रहेका छन् । साथै माथिको तालिकामा कक्षा १ को तुलनामा कक्षा ५ मा जम्मा विद्यार्थीको भर्ना संख्या घट्नुको सट्टा बढेको नै देखिन्छ । तर माझी जातिका विद्यार्थीको भर्ना प्रतिशत भने १ कक्षाको तुलनामा ५ कक्षामा घटेको देखिन्छ । यसवाट कक्षा १ मा भर्ना हुने सबै माझी विद्यार्थीले कक्षा-५ सम्म आफ्नो पढाइलाई निरन्तरता नदिएको पुष्टि हुन्छ ।

पाउलो फ्रेरेको सचेतीकरणको सिद्धान्त अनुसार माझी, उत्पीडित र उपेक्षितहरुलाई सर्वप्रथम आफ्नो सामर्थ्य, क्षमता र औकातका बारेमा सचेत हुन अवसर दिनुपर्दछ । सचेतीकरणको शिक्षाले उनीहरुलाई आफू ठगिएको हेपिएको कुराको ज्ञान दिन सक्नुपदर्छ । पुस्तौपुस्तादेखि कोशीका किनारमा परम्परागत जाति कहलाइएका माझीहरुलाई आफूभन्दा उच्च जातिको चाकरी गर्नु, माछा मार्नु र डुङगा चलाउनु नै आफ्नो धर्म सम्झने मानसिकतामा परिवर्तन ल्याउनु पर्दछ । यसरी उनीहरुलाई कमजोर भावनाबाट मुक्त पार्न र हामी पनि अरु जाति सरह हौं भन्ने भावनाको जागरण ल्याउने काम शिक्षाले गर्न सक्नुपर्दछ । तर यस विद्यालय सेवा क्षेत्रमा यस प्रकारको सचेतीकरणको शिक्षाको अभाव भएको कारण माझी जातिका केटाकेटीहरुले प्राथामिक तहको शिक्षालाई निरन्तरता दिन सकेको देखिदैन् । तल्लो कक्षाको तुलनामा माथिल्लो कक्षामा भर्ना प्रतिशत घट्दै गएको देखिन्छ । यसको कारण सचेतीकरणको अभाव नै प्रमुख हो । शिक्षामा गरिएको लगानीले तत्काल प्रतिफल नदिने र यसको प्रतिफल लामो समयपछि मात्र प्राप्त हुने वास्तविकताबाट अनभिज्ञ रहेका माझीहरुले आफ्ना छोराछोरी पढाउने वित्तिकै

तत्कालै कुनै फाइदा पुग्न नसकेका कारण छोराछोरीको शिक्षामा निरन्तरता नदिएको देखिन्छ । त्यसैले सचेतीकरणको सिद्धान्तले यस कुरालाई पुष्टि गरेको छ ।

तालिका ५

श्री प्रा.वि. को माझी बालबालिकाहरुको भर्ना विवरण २०६७

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | माझी विद्यार्थी संख्या | | | माझी विद्यार्थी प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | १७ | १९ | ३६ | १ | २ | ३ | ५.८८ | १०.५२ | ८.३३ |
| २ | २४ | २६ | ५० | २ | ३ | ५ | ८.३३ | ११.५३ | १० |
| ३ | २९ | ३१ | ६० | १ | ४ | ५ | ३.४४ | १२.९० | ८.३३ |
| ४ | ३४ | ३२ | ६६ | ३ | ३ | ६ | ८.८२ | ९.३७ | ९.०९ |
| ५ | ३१ | ३० | ६१ | २ | १ | ३ | ६.४५ | ३.३३ | ४.९१ |
| जम्मा | १३५ | १३८ | २७३ | ९ | १३ | २२ | ६.६६ | ९.४२ | ८.०५ |

स्रोत : विद्यालय अभिलेख, २०६७

माथिको तालिकालाई अध्ययन गर्दा उक्त विद्यालयको प्राथमिक तहमा २०६७ मा जम्मा २७३ जना विद्यार्थी रहेका छन् । त्यसमा माझी जातिका विद्यार्थीहरुको संख्या २२ रहेको छ अर्थात ८.०५ प्रतिशत देखिन्छ । यसलाई हेर्दा माझी जातिका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता कम रहेको देखिन्छ ।

तालिका ६

श्री प्रा.वि. को माझी बालबालिकाहरुको भर्ना विवरण २०६८

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | माझी विद्यार्थी संख्या | | | माझी विद्यार्थी प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | १४ | २१ | ३५ | ३ | २ | ५ | २१.४२ | ९.५२ | १४.२८ |
| २ | २१ | २९ | ५० | ४ | ३ | ७ | १९.०४ | १०.३४ | १४ |
| ३ | २७ | ३३ | ६० | २ | १ | ३ | ७.४० | ३.०३ | ५ |
| ४ | ३५ | ३३ | ६८ | १ | ४ | ५ | २.८५ | १२.१२ | ७.३५ |
| ५ | ३२ | ३४ | ६६ | ३ | १ | ४ | ९.३७ | २.९४ | ६.०६ |
| जम्मा | १२९ | १५० | २७९ | १३ | ११ | २४ | १०.०७ | ७.३३ | ८.६० |

स्रोत : विद्यालय अभिलेख, २०६८

माथिको तालिकाबाट उक्त विद्यालयको प्राथमिक तहमा २०६८ मा जम्मा २७९ जना विद्यार्थी रहेका छन् । त्यसमा माझी जातिका विद्यार्थीहरुको संख्या २४ अर्थात ८.६०% रहेको देखिन्छ ।

तालिका ७

श्री प्रा.वि. को माझी बालबालिकाहरुको भर्ना विवरण २०६९

| कक्षा | जम्मा विद्यार्थी सख्या | | | माझी विद्यार्थी संख्या | | | माझी विद्यार्थी प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | १९ | २२ | ४१ | २ | २ | ४ | १०.५५ | ९.१ | ९.७६ |
| २ | २८ | २३ | ५१ | १ | १ | २ | ३.५७ | ४.३५ | ३.९२ |
| ३ | ३१ | ३२ | ६३ | १ | २ | ३ | ३.२३ | ६.२५ | ४.७६ |
| ४ | ३६ | ३४ | ७० | ४ | ४ | ८ | ११.११ | ११.७६ | ११.४३ |
| ५ | ३० | २९ | ५९ | २ | २ | ४ | ६.६६ | ६.९ | ६.७८ |
| जम्मा | १४४ | १४० | २८४ | १० | ११ | २१ | ६.९६ | ७.८६ | ७.४ |

स्रोत : विद्यालय अभिलेख, २०६९

माथिको तालिका अनुसार उक्त विद्यालयको प्राथमिक तहमा जम्मा २८४ जना विद्यार्थी रहेकोमा २१ जना अर्थात ७.४ प्रतिशत माझी विद्यार्थी रहेका छन् । माझी विद्यार्थीमा छात्रा १० जना र छात्र ११ जना छन् । कक्षागत रुपमा हेर्दा कक्षा १ मा जम्मा ४१ जना विद्यार्थीमा ४ जना माझी रहेका छन् । कक्षा २ मा ५१ जना जम्मा विद्यार्थी मध्ये २ जना माझी रहेका छन् । कक्षा ३ मा ६३ जना जम्मा विद्यार्थीमा ३ जना माझी विद्यार्थी छन् । कक्षा ४ मा ७० जना जम्मा विद्यार्थीमा माझीको संख्या ८ रहेको छ । कक्षा ५ मा जम्मा ५९ जना विद्यार्थी मध्ये ४ जना माझी विद्यार्थी छन् ।

यसरी हेर्दा कक्षा १ मा ९.७६ प्रतिशत माझी विद्यार्थी रहेकोमा कक्षा ५ मा ६.७८ प्रतिशत माझी विद्यार्थी रहेका छन् । अर्थात कक्षा १ को तुलनामा कक्षा ५ मा माझी विद्यार्थीको भर्ना करिब ३ प्रतिशतले घटेको देखिन्छ । यस तालिका नं.१ को जस्तै २ को श्री प्राथमिक विद्यालयको माझी विद्यार्थीको प्रतिसत कम रहेको

देखिन्छ । त्यसैले फ्रेरेको सचेतीकरणको सिद्धान्त अनुसार माझीहरुलाई सचेतीकरण शिक्षाको अभाव भएका कारण उनीहरुले प्राथमिक तहको शिक्षामा निरन्तरता दिन सकिरहेका छैनन् ।

तालिका ८

श्री सप्तकोशी प्रा.वि.को माझी बालबालिकाहरुको भर्ना विवरण २०६७

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | माझी विद्यार्थी संख्या | | | माझी विद्यार्थी प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | २९ | २१ | ५० | ७ | ३ | १० | २४.१३ | १४.२८ | २० |
| २ | १८ | १६ | ३४ | ४ | २ | ६ | २१.२२ | १२.५ | १७.७४ |
| ३ | २० | १६ | ३६ | ३ | २ | ५ | १५ | १२.५ | १३.८८ |
| ४ | १७ | २० | ३७ | ४ | ३ | ७ | २३.५२ | १५ | १८.९१ |
| ५ | १८ | १५ | ३३ | २ | १ | ३ | ११.११ | ६.६६ | ९.०९ |
| जम्मा | १०२ | ८८ | १९० | २० | ११ | ३१ | १९.६० | १२.५ | १६.३१ |

स्रोत : विद्यालय अभिलेख, २०६७

माथिको तालिकाबाट श्री सप्तकोशी प्रा.वि. तहको २०६७ सालमा प्राथमिक तहमा जम्मा १९० जना विद्यार्थी रहेका छन् । त्यसमा माझी विद्यार्थी जम्मा ३१ अर्थात १६.३१ प्रतिशत रहेको देखिन्छ । क्रमशः कक्षा - १ देखि कक्षा ५ सम्म आइपुग्दा माझी विद्यार्थीको प्राथमिक शिक्षाको सहभागीतामा उतारचढावसगैं घट्दो क्रम रहेको देखिएको छ ।

तालिका ९

श्री सप्तकोशी प्रा.वि.को माझी बालबालिकाहरुको भर्ना विवरण २०६८

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | माझी विद्यार्थी संख्या | | | माझी विद्यार्थी प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | २१ | २३ | ४४ | ५ | ४ | ९ | २३.८० | १७.३९ | २०.४५ |
| २ | २० | १५ | ३५ | ४ | १ | ५ | २० | ६.६६ | १४.२८ |
| ३ | २३ | १७ | ४० | ४ | २ | ६ | १७.३९ | ११.७६ | १५ |
| ४ | १९ | १६ | ३५ | ३ | १ | ४ | १५.७८ | ६.२५ | ११.४२ |
| ५ | २४ | १७ | ४१ | ३ | २ | ५ | १२.५ | ११.७६ | १२.१९ |
| जम्मा | १०७ | ८८ | १९५ | १९ | १० | २९ | १७.७५ | ११.३६ | १४.८७ |

स्रोत : विद्यालय अभिलेख, २०६८

माथिको तालिकाबाट यस विद्यालयको प्रा.वि. तहको २०६८ सालको जम्मा १९५ विद्यार्थी रहेका छन् । त्यसमा माझी विद्यार्थी जम्मा २९ अर्थात १४.८७ प्रतिशत रहेका छन् । कक्षा - १ देखि कक्षा ५ सम्म आईपुग्दा माझी विद्यार्थीको प्राथमिक शिक्षामा सहभागिता न्यून हुँदै गएको देखिन्छ ।

तालिका १०

श्री सप्तकोशी प्रा.वि.को माझी बालबालिकाहरुको भर्ना विवरण २०६९

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | माझी विद्यार्थी संख्या | | | माझी विद्यार्थी प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ३१ | १८ | ४९ | ६ | ३ | ९ | १९.३५ | १६.६६ | १८.३६ |
| २ | १७ | १६ | ३३ | २ | ३ | ५ | ११.१७ | १८.७५ | १५.१५ |
| ३ | १९ | १५ | ३४ | ३ | १ | ४ | १५.८ | ६.६६ | ११.८ |
| ४ | १० | २७ | ३७ | १ | २ | ३ | १० | ७.४१ | ८.११ |
| ५ | १७ | १३ | ३० | १ | १ | २ | ५.९ | ७.७१ | ६.६६ |
| जम्मा | ९४ | ८९ | १८३ | १३ | १० | २३ | १३.७२ | ११.२३ | १२.५६ |

स्रोत : विद्यालय अभिलेख, २०६९

माथिको तालिकालाई अध्ययन गर्दा श्री सप्तकोशी प्रा.वि.मा जम्मा १८३ जना विद्यार्थी मध्ये २३ जना अर्थात १२.५६ प्रतिशत माझी विद्यार्थी रहेका देखिन्छन् । जसमा छात्रा १३ जना र छात्र १० जना छन् । कक्षागत रुपमा अध्ययन गर्दा कक्षा १ मा जम्मा ४९ जना विद्यार्थी मध्ये ९ जना माझी रहेका छन् । कक्षा २ मा ३३ जना जम्मा विद्यार्थी मध्ये ५ जना माझी विद्यार्थी छन् । कक्षा ३ मा ३४ जना जम्मा विद्यार्थी मध्ये माझीको संख्या ४ रहेको छ । कक्षा ४ मा ३७ जना विद्यार्थी मध्ये ३ जना माझी विद्यार्थी छन् । त्यस्तै कक्षा ५ मा ३० जना विद्यार्थी मध्ये २ जना माझी विद्यार्थी रहेका  छन् ।

यसरी समग्रमा हेर्दा कक्षा १ मा १८.३७ प्रतिशत माझी विद्यार्थी भर्ना भएका देखिन्छन् भने माथिल्ला कक्षाहरुमा माझी विद्यार्थीको प्रतिशत घट्दै गएको देखिन्छ र कक्षा ५ मा ६.६६ प्रतिशत मात्र माझी विद्यार्थी रहेका देखिन्छन् । यस तालिकाको अध्ययनबाट १ कक्षाको तुलनामा ५ कक्षामा माझी विद्यार्थीको भर्ना करिव १२ प्रतिशतले कम रहेको देखिन्छ । अर्थात प्राथमिक तहको अन्तिम कक्षा ५ पूरा गर्ने माझी विद्यार्थीको प्रतिशत ज्यादै कम देखिन्छ ।

पाउलो फ्रेरेले भने झैं माझी जातिमा सचेतीकरण शिक्षाको अभाव र सामाजिक न्यायको अभावका कारण पीडित माझीहरुको प्राथमिक तहको माझी भर्ना र त्यसको निरन्तरतामा नकारात्मक असर पारेको देखिन्छ ।

यसरी अध्ययन क्षेत्रका ३ वटा विद्यालयका माझी बालबालिकाको भर्ना विवरणको अध्ययन छुट्टा छुट्टै रुपमा गरिसके पछि अब ३ वटै विद्यालयको जम्मा माझी विद्यार्थीहरुको प्राथमिक तहमा भर्नाको स्थिति बारे अध्ययन गरिन्छ ।

तालिका ११

तीन वटै विद्यालयको प्राथमिक तहमा माझी बालबालिकाहरूको भर्ना विवरण २०६७

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | माझी विद्यार्थी संख्या | | | माझी विद्यार्थी प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ७३ | ६१ | १३४ | ११ | ९ | २० | १५.०६ | १४.७५ | १४.९२ |
| २ | ६१ | ६२ | १२३ | ८ | ६ | १४ | १३.११ | ९.६७ | ११.३८ |
| ३ | ७४ | ७९ | १५३ | ८ | ७ | १५ | १०.८१ | ८.८६ | ९.८० |
| ४ | ९३ | ७५ | १६८ | १० | ८ | १८ | १०.७५ | १०.६६ | १०.७१ |
| ५ | ७५ | ७० | १४५ | ८ | ४ | १२ | १०.६६ | ५.७१ | ८.२७ |
| जम्मा | ३७६ | ३४७ | ७२३ | ४५ | ३४ | ७५ | ११.९६ | ९.७९ | १०.३७ |

स्रोत : तालिका १, ४ र ७ बाट

माथि प्रस्तुत गरिएका तालिका नं. १, ४ र ७ को सारांसका रुपमा यो तालिका नं. ११ प्रस्तुत गरिएको छ । जसलाई हेर्दा अध्ययन क्षेत्रका ३ वटा विद्यालको प्राथामिक तहमा २०६७ मा जम्मा ७२३ जना विद्यार्थी मध्ये ७५ जना अर्थात १०.३६ प्रतिशत माझी विद्यार्थी रहेका छन् । जसमा छात्रा ४५ र छात्र ३४ जना छन् ।

तालिका १२

तीन वटै विद्यालयको प्राथमिक तहमा माझी बालबालिकाहरूको भर्ना विवरण २०६८

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | माझी विद्यार्थी संख्या | | | माझी विद्यार्थी प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ६६ | ६१ | १३० | १० | ९ | १९ | १५.१५ | १४.०६ | १४.६१ |
| २ | ६४ | ६२ | १२६ | ११ | ५ | १६ | १७.१८ | ८.०६ | १२.६९ |
| ३ | ७६ | ७९ | १५५ | १० | ५ | १५ | १३.१५ | ६.३२ | ९.६७ |
| ४ | ९३ | ७३ | १६६ | ७ | १४ | २१ | ७.५२ | १९.१७ | १२.६५ |
| ५ | ८४ | ८० | १६४ | १० | ६ | १६ | ११.७६ | ७.५ | ९.७५ |
| जम्मा | ३८३ | ३५८ | ७४१ | ४८ | ३९ | ८७ | १२.५३ | १०.८९ | ११.७४ |

स्रोत : तालिका २, ५ र ८ बाट

माथि प्रस्तुत गरिएका तालिका नं. २,५ र ८ को साशंशका रुपमा यो तालिका नं. १२ प्रस्तुत गरिएको छ। जसको अध्ययन गर्दा अध्ययन क्षेत्रका ३ वटा विद्यालयको प्राथमिक तहमा २०६८ मा ७४१ जना जम्मा विद्यार्थी मध्ये ८७ जना अर्थात ११.७४ प्रतिशत माझी विद्यार्थी रहेका छन् । जसमा छात्रा ४८ जना र ३९ जना छात्र रहेका छन् ।

तालिका १३

तीन वटै विद्यालयको प्राथमिक तहमा माझी बालबालिकाहरूको भर्ना विवरण २०६९

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | माझी विद्यार्थी संख्या | | | माझी विद्यार्थी प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ८० | ६२ | १४२ | १३ | ९ | २२ | १६.२५ | १४.५१ | १५.५ |
| २ | ६२ | ६२ | १२४ | ७ | ७ | १४ | ११.३ | ११.३ | ११.३ |
| ३ | ७८ | ८१ | १५९ | ७ | ९ | १६ | ८.९७ | ११.११ | १०.०६ |
| ४ | ८६ | ८७ | १७३ | १० | १२ | २२ | ११.६२ | १३.८ | १२.७१ |
| ५ | ७४ | ६९ | १४३ | ८ | ६ | १४ | १०.८१ | ८.७२ | ९.८ |
| जम्मा | ३८० | ३६१ | ७४१ | ४५ | ४३ | ८८ | ११.८४ | ११.८ | ११.८७ |

स्रोत : तालिका ३, ६, ९ बाट

माथि प्रस्तुत गरिएका तालिका नं. ३, ६ र ९ को सारांशका रुपमा यो तालिका नं. १३ प्रस्तुत गरिएको छ । जसलाई हेर्दा अध्ययन क्षेत्रका ३ वटा विद्यालयको प्राथमिक तहमा जम्मा ७४१ जना विद्यार्थी मध्ये ८८ जना अर्थात ११.८७ प्रतिशत माझी रहेका छन् । जसमा छात्रा ४५ जना र छात्र ४३ जना छन् । कक्षागत रुपमा हेर्दा कक्षा १ मा जम्मा १४२ जना विद्यार्थी मध्ये २२ जना माझी विद्यार्थी छन् । कक्षा २ मा १२४ जना विद्यार्थी मध्ये १४ जना माझी विद्यार्थी छन् । कक्षा ३ मा १५९ जना जम्मा विद्यार्थी मध्ये १६ जना माझी विद्यार्थी छन् । कक्षा ४ मा १७३ जना विद्यार्थीमा २२ जना माझी छन् भने कक्षा ५ मा १४३ जना विद्यार्थी मध्ये १४ जना माझी छन् । समग्रमा हेर्दा कक्षा १ मा सबैभन्दा बढी १५.५ प्रतिशत रहेका छन् भने कक्षा ५ मा यो प्रतिशत घटेर ९.८ प्रतिशत मात्र रहेको छ

। यसरी कक्षा १ को तुलनामा कक्षा ५ मा माझी विद्यार्थीको भर्ना करीव छ प्रतिशतले घटेको देखिन्छ । यसरी हेर्दा प्रत्येक वर्ष माझी जातिका विद्यार्थीहरुको प्राथमिक शिक्षामा सहभागिता न्यून देखिन्छ ।

पाउलो फ्रेरेले आफ्नो सचेतीकरणको सिद्धान्तमा भने अनुसार धार्मिक, सामाजिक, सांस्कृतिक, रुढिवादी र अन्धविश्वासमा जकडिएका महेन्द्रनगर गा.वि.स.का शोषित, पीडित जातिको शिक्षामा सहभागिता सचेतनाको अभावले प्रभाव पारेको देखिन्छ । माझी जातिको कमजोर आर्थिक अवस्थाको साथै सामाजिक न्यायको अभावका कारण सिर्जित द्वन्दबाट पिलिसएका त्यस क्षेत्रका माझीहरुले आफ्ना छोराछोरीको प्राथमिक तहको शिक्षामा निरन्तरता दिन नसकी सहभागिता सम्बन्धी समस्या सिर्जना भएको प्रष्टिन्छ ।

### ४.१.२ प्राथमिक उमेर समूहका विद्यालय बाहिर रहेका माझी केटाकेटी विवरण

अध्ययन क्षेत्रका प्राथमिक उमेर समूह (५-९ बर्ष) का विद्यालय बाहिर रहेका माझी केटोकेटीहरुको जनसंख्या थाहा पाउनका लागि सर्वप्रथम उक्त अध्ययन क्षेत्रका प्राथमिक उमेर समूहका जम्मा माझी केटाकेटीहरुको जनसंख्याबारे अध्ययन गर्नु पर्ने हुन्छ । त्यसैले अध्ययन क्षेत्रमा प्राथमिक उमेर समूहका माझी केटाकेटीको जनसंख्या यहाँ प्रस्तुत गरिन्छ ।

तालिका १४

प्रा.वि.उमेर समूहका माझी जनसंख्याको विवरण २०६७

| क.स. | सेवा क्षेत्र विद्यालय | केटी | केटा | जम्मा |
|---|---|---|---|---|
| १. | श्री महेन्द्र मा.वि.,म.न.-४ | २१ | २३ | ४४ |
| २. | श्री प्रा. वि. ,म.न. -४ | १८ | १४ | ३२ |
| ३. | श्री सप्तकोशी प्रा. वि., म.न.-६ | १६ | १३ | २९ |
| | जम्मा | ५५ | ५० | १०५ |

स्रोत: स्थलगत सर्वेक्षण र विद्यालयको सेवा क्षेत्रको तथ्याङक-२०६७

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा २०६८ मा ५-९ वर्षका माझी केटाकेटीको संख्या १०५ रहेको छ जसमा केटी ५५ र केटा ५० जना रहेका छन् ।

यसरी ५-९ वर्षका प्राथमिक उमेर समूहका माझी जनसंख्याको जानकारी यस तालिकाले प्रस्तुत गरेको छ ।

तालिका १५

प्रा.वि.उमेर समूहका माझी जनसंख्याको विवरण २०६८

| क.स. | सेवा क्षेत्र विद्यालय | केटी | केटा | जम्मा |
|---|---|---|---|---|
| १. | श्री महेन्द्र मा.वि.,म.न.-४ | १९ | १८ | ३७ |
| २. | श्री प्रा. वि. ,म.न. -४ | २१ | १२ | ३३ |
| ३. | श्री सप्तकोशी प्रा. वि., म.न.-६ | १३ | १४ | २७ |
| | जम्मा | ५३ | ४४ | ९७ |

स्रोत: स्थलगत सर्वेक्षण र विद्यालयको सेवा क्षत्रेको तथ्याङक-२०६८

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा २०६८ मा ५-९ वर्षका माझी केटाकेटीको संख्या ९७ रहेको छ जसमा केटी ५३ र केटा ४४ जना रहेका छन् । यसरी ५-९ वर्षका प्राथमिक उमेर समूहका माझी जनसंख्याको जानकारी यस तालिकाले प्रस्तुत गरेको छ ।

तालिका १६

प्रा.वि.उमेर समूहका माझी जनसंख्याको विवरण २०६९

| क.स. | सेवा क्षेत्र विद्यालय | केटी | केटा | जम्मा |
|---|---|---|---|---|
| १. | श्री महेन्द्र मा.वि.,म.न.-४ | २५ | २२ | ४७ |
| २. | श्री प्रा. वि. ,म.न. -४ | १५ | १३ | २८ |
| ३. | श्री सप्तकोशी प्रा. वि., म.न.-६ | १४ | १२ | २६ |
| | जम्मा | ५४ | ४७ | १०१ |

स्रोत: स्थलगत सर्वेक्षण र विद्यालयको सेवा क्षत्रेको तथ्याङक-२०६९

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा ५-९ वर्ष का माझी केटाकेटीको संख्या १०१ रहेको छ जसमा केटी ५४ जना र केटा ४७ जना छन । यसरी ५-९

वर्षका प्राथमिक उमेर समूहको माफी जनसंख्याको जानकारी पछि हाल विद्यालय गईरहेका र विद्यालय नगएका माफी बालवालिकाको विवरण तलको तालिकामा प्रस्तुत गरिन्छ ।

तालिका १७

विद्यालय जाने र नजाने माफी बालबालिकाहरूको विवरण २०६७

| क्र.स. | विद्यालयको सेवा क्षेत्र | विद्यालय जानेको संख्या | | | विद्यालय नजानेको संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| १ | श्री महेन्द्र मा.वि., म.न.-४ | १६ | १० | २६ | ४ | २ | ६ |
| २ | श्री प्रा.वि., म.न.-४ | ९ | १३ | २२ | ७ | ४ | ११ |
| ३ | श्री सप्तकोशी प्रा.वि., म.न.-६ | २० | ११ | ३१ | ६ | ३ | ९ |
| | जम्मा | ४५ | ३४ | ७९ | १७ | ९ | २६ |

स्रोत : सम्बन्धित विद्यालयको फ्लास I, २०६७

माथिको तालिकामा विद्यालय जाने २०६७ को माफी केटाकेटीको संख्या ७९ र विद्यालय नजाने माफी केटाकेटीको संख्या २६ देखिन्छ । सेवा श्रेत्रमा जम्मा १०५ जना प्राथमिक उमेर समूहका माफी केटाकेटी मध्ये ७९ जना विद्यालय गएको देखिन्छ भने २६ जना विद्यालय जादैनन् । यसरी विद्यालय जाने माफी केटाकेटी ६७.०८ प्रतिशत रहेका छन् भने विद्यालय नजाने ३२.९२ प्रतिशत रहेको देखिन्छ ।

तालिका १८

विद्यालय जाने र नजाने माफी बालबालिकाहरूको विवरण २०६८

| क्र.स. | विद्यालयको सेवा क्षेत्र | विद्यालय जानेको संख्या | | | विद्यालय नजानेको संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| १ | श्री महेन्द्र मा.वि., म.न.-४ | १६ | १८ | ३४ | २ | १ | ३ |
| २ | श्री प्रा.वि., म.न.-४ | १३ | ११ | २४ | ३ | - | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | श्री सप्तकोशी प्रा.वि., म.न.-६ | १९ | १० | २९ | १ | ३ | ४ |
| | जम्मा | ४८ | ३९ | ८७ | ६ | ४ | १० |

स्रोत : सम्बन्धित विद्यालयको फ्लास I, २०६८

माथिको तालिकाबाट २०६८को विद्यालय जाने माझी केटाकेटीको जम्मा संख्या ८७ र विद्यालय नजाने माझी केटाकेटीको संख्या १० दोखिन्छ । सेवा क्षेत्रमा जम्मा ९७ जना प्राथमिक उमेर समूहका माझी केटाकेटी मध्ये ८७ जना विद्यालय गएको देखिन्छ भने १० जना विद्यालय नगएको देखिन्छ । यसरी विद्यालय जाने माझी केटाकेटी ८८.५० प्रतिशत रहेका छन भने विद्यालय नजाने माझी केटाकेटी ११.५ प्रतिशत रहेको देखिन्छ ।

तालिका १९

विद्यालय जाने र नजाने माझी बालबालिकाहरूको विवरण २०६९

| क्र.स. | विद्यालयको सेवा क्षेत्र | विद्यालय जानेको संख्या | | | विद्यालय नजानेको संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| १ | श्री महेन्द्र मा.वि., म.न.-४ | २२ | २२ | ४४ | ३ | - | ३ |
| २ | श्री प्रा.वि., म.न.-४ | १० | ११ | २१ | ५ | २ | ७ |
| ३ | श्री सप्तकोशी प्रा.वि., म.न.-६ | १३ | १० | २३ | १ | २ | ३ |
| | जम्मा | ४५ | ४३ | ८८ | ९ | ४ | १३ |

स्रोत : सम्बन्धित विद्यालयको फ्लास I, २०६९

माथिको तालिकामा विद्यालय जाने माझी केटाकेटीको संख्या ८८ र विद्यालय नजाने माझी केटाकेटीको संख्या १३ देखिन्छ । सेवाक्षेत्रका जम्मा १०१ जना प्राथमिक उमेर समूह (५-९ वर्ष) का माझी केटाकेटी मध्ये ८८ जना विद्यालय जान्छन भने १३ जना विद्यालय जाँदैनन् । यसरी विद्यालय नजाने माझी केटाकेटी १२.८७ प्रतिशत रहेका छन् भने विद्यालय जाने माझी केटाकेटी ८७.१३ प्रतिशत रहेका छन् । सबैका लागि शिक्षा (२००४-२००९) को मुख्य दस्तावेजले

भने अनुसार यस्ता माझी र पिछडिएका वर्गको शिक्षामा सहभागिता बढाउनु आजको आवश्यकता रहेको छ ।

पाउलो फ्रेरेले भने झैं सामाजिक न्यायको अभावका कारण आर्थिक रुपले पछाडि परेका शोषीत, पिडित जनताहरु राज्यद्वारा प्रदान गरिएका कुनै पनि सेवासुविधावाट वञ्चित रहेका हुन्छन् । महेन्द्रनगरको यस अध्ययन क्षेत्रमा पनि फ्रेरेले भने झैं सामाजिक र सँस्कृतिक रुपमा पछि परेका कारण माझी जातीहरुले आफ्ना छोराछोरीहरुलाई विद्यालय पठाउन नसकेको देखिन्छ । यसरी १२.८७% प्राथमिक उमेर समूह (५-९वर्ष) का माझी केटाकेटी प्राथमिक विद्यालय नगएको देखिन्छ । यसबाट सबैका लागि शिक्षाको कार्यक्रम अन्तरगत विद्यालय शिक्षाको अवसर पाउन नसकेका सुविधाविमुख बालबालिकामा माझी लगायतका पिछडिएका वर्गको बाहुल्यता रहने देखिन्छ । फ्रेरेले व्यक्त गरेको सचेतीकरणको सिद्धान्त अनुसार माझी जातिहरुलाई सचेतना र मुक्तिको शिक्षा दिन नसकिएका कारण विद्यालय नजाने माझी बालबालिकाको प्रतिशत धेरै रहेको देखिन्छ ।

सामाजिक न्यायको सिद्धान्त अनुसार शिक्षालाई सामाजिक न्याय प्रवर्द्धनको प्रभावकारी उपाय मानिन्छ । राज्यद्वारा प्रदान गरिएको प्राथमिक शिक्षा सम्बन्धी सेवा सुविधाको उपभोग गर्ने कार्यमा माझी जातिहरु पछाडि परेको तथ्य पनि माथिको तथ्याङ्कगत विश्लेषणबाट प्रष्ट हुन्छ । वर्तमान शिक्षा व्यवस्थाले सिमान्तकृत जातिहरुलाई सामाजिक न्याय प्रदान गर्ने कार्यमा प्रभावकारी भूमिका खेल्न नसकेको कुरा पनि यसैबाट पुष्टि हुन्छ ।

### ४.१.३ माझी बालबालिकाहरुको कक्षा छाड्ने, कक्षा दोहोर्‍याउने र कक्षा उत्तीर्ण हुने विवरण

माझी जातिका बालबालिकाहरुको प्राथमिक शिक्षामा सहभागिता सम्बन्धी वर्तमान परिस्थितिको अध्ययन गर्दा उनीहरुको कक्षा छाड्ने, कक्षा दोहोर्‍याउने र कक्षा उत्तीर्ण हुने अवस्थाको पनि अध्ययन गर्नु पर्ने हुन्छ । त्यसैले शैक्षिक उपलब्धि सम्बन्धी यी अध्ययनहरुको वर्णन तलको तालिकामा प्रस्तुत गरिन्छ ।

तालिका २०

माझी बालबालिकाहरुको कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने र कक्षा उत्तीर्ण विवरण

२०६६

| क्र.स. | विद्यालयको सेवा क्षेत्र | विद्यार्थी भर्ना | | | माझी विद्यार्थी | | | अन्य विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | माझी | अन्य | जम्मा | छाड्ने | दोहोऱ्याउने | उत्तीर्ण | छाड्ने | दोहोऱ्याउने | उत्तीर्ण |
| १ | श्री महेन्द्र मा. वि., म.न.-४ | २६ | २३४ | २६० | ३ | ५ | १८ | ९ | १३ | २१२ |
| २ | श्री प्रा.वि., म.न.-४ | २२ | २५१ | २७३ | ४ | २ | १६ | ११ | १७ | २२३ |
| ३ | श्री सप्तकोशी प्रा.वि.,म.न.-६ | ३१ | १५९ | १९० | ३ | ६ | २२ | ७ | १४ | १३८ |
| | जम्मा | ७९ | ६४४ | ७२३ | १० | १३ | ५६ | २७ | ४४ | ५७३ |

स्रोत : सम्बन्धित विद्यालयको फ्लास I, II, २०६६

माथिको तालिकामा श्री महेन्द्र मा.वि., श्री प्राथमिक विद्यालय र श्री सप्तकोशी प्रा.वि.को २०६७ को भर्ना, कक्षा छाड्ने, दोहोऱ्याउने र उत्तीर्ण हुने विद्यार्थी विवरण देखाइएको छ । क्रमश : महेन्द्र मा.वि., श्री प्रा.वि. र सप्तकोशी प्रा.वि.को प्राथमिक तहमा जम्मा २६०, २७३ र १९० जना विद्यार्थी भर्ना भएका छन् भने माझी विद्यार्थी क्रमश : २६, २२ र ३१ जना रहेका छन् । त्यस्तै कक्षा छाड्ने माझी विद्यार्थी क्रमशः ३, ४ र ३ रहेका छन् भने दोहोऱ्याउने क्रमशः ५, २ र ६ रहेका छन् । त्यस्तै उत्तीर्ण माझी विद्यार्थी क्रमशः १८, १६ र २२ रहेका छन् ।

तालिका २१

माझी बालबालिकाहरुको कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने र कक्षा उत्तीर्ण विवरण

२०६७

| क्र.स | विद्यालयको | विद्यार्थी भर्ना | माझी विद्यार्थी | अन्य विद्यार्थी |
|---|---|---|---|---|

| . | सेवा क्षेत्र | माझी | अन्य | जम्मा | छाड्ने | दोहोर्‍याउने | उत्तीर्ण | छाड्ने | दोहोर्‍याउने | उत्तीर्ण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री महेन्द्र मा. वि., म.न.-४ | ३४ | २३३ | २६७ | ६ | ५ | २३ | ७ | १४ | २१२ |
| २ | श्री प्रा.वि., म.न.-४ | २४ | २५५ | २७९ | ३ | ४ | १७ | ६ | ९ | २४० |
| ३ | श्री सप्तकोशी प्रा.वि.,म.न.-६ | २९ | १६६ | १९५ | ४ | ७ | १८ | ९ | १२ | १४५ |
|  | जम्मा | ८७ | ६५४ | ७४१ | १३ | १६ | ५८ | २२ | ३५ | ५९७ |

स्रोत : सम्बन्धित विद्यालयको फ्लास I, II २०६७

माथिको तालिकामा श्री महेन्द्र मा.वि., श्री प्राथमिक विद्यालय र श्री सप्तकोशी प्रा.वि.को २०६८ को भर्ना, कक्षा छाड्ने, दोहोर्‍याउने र उत्तीर्ण हुने विद्यार्थी विवरण देखाइएको छ । क्रमश : महेन्द्र मा.वि., श्री प्रा.वि. र सप्तकोशी प्रा.वि.को प्राथमिक तहमा जम्मा २६७, २७९ र १९५ जना विद्यार्थी भर्ना भएका छन् भने माझी विद्यार्थी क्रमश : ३४, २४ र २९ जना रहेका छन् । त्यस्तै कक्षा छाड्ने माझी विद्यार्थी क्रमशः ६, ३ र ४ रहेका छन् भने दोहोर्‍याउने क्रमशः ५, ४ र ७ रहेका छन् । त्यस्तै उत्तीर्ण माझी विद्यार्थी क्रमशः २३, १७ र १८ रहेका छन् ।

तालिका २२

माझी बालबालिकाहरुको कक्षा छाड्ने, कक्षा दोहोर्‍याउने र कक्षा उत्तीर्ण विवरण २०६८

| क्र.स. | विद्यालयको सेवा क्षेत्र | विद्यार्थी भर्ना | | | माझी विद्यार्थी | | | अन्य विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | माझी | अन्य | जम्मा | छाड्ने | दोहोर्‍याउने | उत्तीर्ण | छाड्ने | दोहोर्‍याउने | उत्तीर्ण |
| १ | श्री महेन्द्र मा. वि., म.न.-४ | ४४ | २३० | २७४ | ६ | ७ | ३१ | ८ | २४ | १९८ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | श्री प्रा.वि., म.न.-४ | २१ | २६३ | २८४ | २ | ५ | १४ | ७ | ३५ | २२१ |
| ३ | श्री सप्तकोशी प्रा.वि.,म.न.-६ | २३ | १६० | १८३ | २ | १ | २० | ३ | ९ | १४८ |
| | जम्मा | ८८ | ६५३ | ७४१ | १० | १३ | ६५ | १८ | ६८ | ५६७ |

स्रोत : सम्बन्धित विद्यालयको फ्लास I, II २०६८

माथिको तालिकामा श्री महेन्द्र मा.वि., श्री प्राथमिक विद्यालय र श्री सप्तकोशी प्रा.वि.को भर्ना, कक्षा छाड्ने, दोहाऱ्याउने र उत्तीर्ण हुने विद्यार्थी विवरण देखाइएको छ । महेन्द्र मा. वि. को प्राथमिक तहमा जम्मा २७४ जना विद्यार्थी भर्ना भएका छन् भने माझी विद्यार्थी ४४ जना छन् । कक्षा छाड्नेमा माझी ६ जना छन् भने अन्य विद्यार्थी २४ जना छन् । त्यस्तै उत्तीर्ण हुनेमा माझी ३१ जना छन् भने अन्य विद्यार्थी १९८ जना छन् ।

श्री प्राथमिक विद्यालयको प्राथमिक तहमा जम्मा २८४ जना विद्यार्थी भर्ना भएकोमा माझी विद्यार्थी २१ जना छन् । कक्षा छाड्नेमा माझी विद्यार्थी २ जना छन् भने अन्य विद्यार्थी ७ जना छन् । कक्षा दोहोऱ्याउनेमा माझी विद्यार्थी ५ जना छन् भने अन्य विद्यार्थी ३५ जना छन् । कक्षा उत्तीर्ण हुनेमा माझी विद्यार्थी १४ जना छन् भने अन्य विद्यार्थी २२१ जना छन् ।

श्री सप्तकोशी प्रा.वि. मा जम्मा १८३ जना विद्यार्थी मध्ये २३ जना माझी विद्यार्थी छन् । कक्षा छाड्नेमा माझी २ जना छन् भने अन्य विद्यार्थी ३ जना छन् । कक्षा दोहोयाउनेमा माझी विद्यार्थी १ जना छन् भने अन्य विद्यार्थी ९ जना छन । कक्षा उत्तीर्ण हुनेमा माझी २० जना छन् भने अन्य विद्यार्थी १४८ जना रहेका छन् ।

यसरी माथिको तालिका अनुसार ३ वटै विद्यालयमा कक्षा छाड्ने बालबालिका जम्मा १० जना अर्थात ११.३६ प्रतिशत रहेका छन भने अन्य बालबालिका १८ जना अर्थात २.६६ प्रतिशत रहेका छन् । त्यस्तै कक्षा दोहोऱ्याउने जम्मा माझी १३ जना

अर्थात १४.७७ प्रतिशत रहेको छन भने  अन्य बालवालिका ६८ जना अर्थात १०.४१ प्रतिशत रहेका छन् । उत्तीर्ण हुनेमा जम्मा माझी बालवालिका ६५ जना अर्थात ७३.८६ प्रतिशत र अन्य बालबालिका ५६७ जना अर्थात ८६.७६ प्रतिशत रहेका छन् ।

यसरी समग्रमा अन्य बालबालिकाको तुलनामा माझी वालबालिकाको शैक्षिक उपलव्धि कम देखिन्छ । अर्थात माझी बालबालिकामा बढी मात्रामा शैक्षिक क्षति भएको प्रष्ट हुन्छ । साथै तथ्याङ्कको  विश्लेषण गर्दा कक्षा छाड्ने माझी बालबालिकाको अन्य बालबालिकाको तुलनामा  करिव ९ प्रतिशतले बढी तथा कक्षा दोहोऱ्याउने माझी वालवालिका अन्य बालबालिकाको तुलनामा ४ प्रतिशत भन्दा वढी देखिन्छ । त्यस्तै कक्षा उत्तीर्ण हुने विद्यार्थीमा माझीको प्रतिशत अन्य विद्यार्थीको भन्दा १३ प्रतिशत कम रहेको देखिन्छ । यसरी अन्य बालबालिकाको तुलनामा माझी बालबालिकाको शैक्षिक क्षति बढी भएको तथ्य पनि माथिको तालिकाको विश्लेषणबाट प्रष्ट हुन आउँछ ।

यसरी कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने माझी विद्यार्थीको प्रतिशत बढी हुने र कक्षा उत्तीर्ण हुने माझी विद्यार्थीको प्रतिशत कम हुने जस्ता शैक्षिक क्षतिलाई पाउलो फ्रेरेको सचेतीकरणको सिद्धान्तसँग तुलना गरेर हेर्न सकिन्छ । उनका अनुसार उपेक्षित, उत्पीडित, सिमान्तकृत जातिहरुलाई चेतना जगाउने माझीको शिक्षा प्रदान नगरेसम्म  वर्तमान  औपचारिक शिक्षा पद्धतिले उनीहरुको शिक्षामा खासै सुधार हुन सक्दैन । सचेतनाको अभावका कारण नै विद्यालयमा भर्ना भएका केटाकेटी बीचमै विद्यालय छाड्ने विद्यालयको दैनिक शिक्षण-सिकाइमा सक्रिय हुन नसकी परीक्षामा उनुत्तीर्ण हुने तथा कक्षा दोहोऱ्याउने जस्ता शैक्षिक क्षति हुने गर्दछन् । अध्ययन क्षेत्रका विद्यालयमा पनि यस्तै किसिमको शैक्षिक क्षति देखिएबाट पाउलो फ्रेरेको सिद्धान्त महेन्द्रनगरका माझीको शैक्षिक अवस्थासँग मेल खाएको कुरा पुष्टि भएको छ ।

## ४.२ माझी बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता सम्बन्धी समस्याका कारणहरू

प्रस्तुत शोधपत्रको अध्ययनक्षेत्र महेन्द्रनगर गा.वि.स. को वडा नं. ४ र ६ मा क्रमश : श्री महेन्द्र मा.वि., तितिगाछी, श्री प्रथमिक विद्यालय र श्री सप्तकोशी प्रा.वि. गरी ३ वटा विद्यालय सञ्चालित छन् । ती विद्यालयको प्राथमिक तहमा भर्ना भएका जम्मा विद्यार्थी संख्या ७४१ रहेको छ भने त्यसमध्ये माझी विद्यार्थीको संख्या ८८ अर्थात ११.८७ प्रतिशत रहेको छ । अन्य विद्यार्थी ६५३ जना अर्थात ८८.१३ प्रतिशत रहेका छन् । अध्ययन क्षेत्रका प्राथमिक उमेर समूह (५-९वर्ष) का माझी केटाकेटी मध्ये ८७.१३ प्रतिशत माझी केटाकेटी विद्यालय नगएका देखिन्छन् । अन्य केटाकेटीको तुलनामा माझी केटाकेटी विद्यालय छाड्ने र कक्षा दोहो¥याउने दर बढी तथा उत्तीर्ण दर कम भएका कारण अन्य केटाकेटीको तुलनामा माझी केटाकेटीको शैक्षिक उपलव्धि कम देखिन्छ । अर्थात माझी केटाकेटीहरुका सम्बन्धमा बढी मात्रमा शैक्षिक क्षति भएको प्रष्ट हुन्छ ।

माझी बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता सम्बन्धी समस्याका विभिन्न कारणहरुले नै शैक्षिक उपलब्धि कम भएको तथ्य अध्ययनबाट ज्ञात भएको छ । सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक, माझी विद्यार्थी, माझी अभिभावक, विद्यालय नगएका माझी केटाकेटी र सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्तिसँगको प्रश्नोत्तर, प्रत्यक्ष छलफल, अन्तरक्रिया गर्नुका साथै स्थलगत अध्ययन सर्वेक्षण गरी त्यसबाट प्राप्त तथ्यहरुका आधारमा माझी बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता सम्बन्धी समस्याका कारणहरु यस प्रकार प्रस्तुत गरिएको छ :

### ४.२.१ आर्थिक कारण

महेन्द्रनगर गा.वि.स. वडा न.४ र ६ का माझी जातिहरुको आर्थिक अवस्था निम्नस्तरको रहेको छ । यहाँका माझीहरु कृषि पेशाका साथै मजदुरी र परम्परागत जातीय पेशा डुङ्गा चलाउने, मर्चा बनाउने काम गरेर जीवन निर्वाह गरिरहेका छन् । कृषि पेशामा आश्रित हुनेहरुको पनि खान पुग्ने गरी आफ्नो पर्याप्त जग्गा जमिन छैन् । यसरी जमिनको असमान वितरण तथा परम्परागत कृषि प्रणाली र पेशाका कारण वर्षभरि खान पुग्ने गरी उत्पादन अनि आय रहेको छैन् ।

अध्ययन क्षेत्रको विद्ययालय सेवा क्षेत्र महेन्द्रनगर गा.वि.स.वडा नं.४ र ६ का माझी केटाकेटीहरुको विद्यायलमा भर्ना ८७.१३ प्रतिशत देखिन्छ । अर्थात १२.८७ प्रतिशत माझी केटाकेटीहरु विद्यालय गएका छैनन् । विद्यालयमा भर्ना भएका माझी केटाकेटीहरुको शैक्षिक उपलब्धी पनि अन्य केटाकेटीहरुको तुलनामा कम देखिन्छ । उनीहरुको विद्ययालयमा नियमित उपस्थिति पनि अन्य केटाकेटीको तुलानामा कम देखिन्छ । उनीहरुको उपस्थिति पनि अन्य जातिको तुलनामा कम रहेको देखिन्छ । गरिबीको कारण घरमा खान लाउन नपुगी अर्काको घरमा मजदुरी गर्नु पर्ने तथा घरायसी काममा बाबुआमालाई सहयोग गर्नुपर्ने भएकाले माझी केटाकेटी विद्यालय जान सकेका छैनन् । विद्यालयमा भर्ना भएकाहरुले पनि आर्थिक समस्याका कारण बीचमै विद्यालय छाड्ने गरेको तथ्य शिक्षक अभिभावक तथा केटाकेटीहरुको प्रश्नउत्तरबाट ज्ञात हुन आएको छ । निःशुल्क प्राथमिक शिक्षा, निःशुल्क पाठ्यपुस्तक तथा सिमान्तकृत छात्रवृत्तिको व्यवस्था भएता पनि विद्यालय पोशाक, परीक्षा शुल्क, कपी, कलम, पेन्सिल जस्ता कुरामा लगानी गर्न नसकी पढाइमा समस्या सिर्जना भएको बुझिन्छ । अर्काको घरमा ज्याला मजदुरी नगरी हातमुख जोर्न मुश्किल हुने र भाइबहिनी हेर्नुपर्ने कारण घरमा पढ्ने वातावरण नहुनाले पनि माझी बालबालिकाको शिक्षामा अवरोध सिर्जना भएको छ । डुङ्गा चलाउने, मर्चा बनाउने काममा माझीहरु संलग्न रहेकाले उचित आय आर्जन हुन नसकी समयमात्र खेर गइरहेका कारण उनीहरुको स्तर कमजोर रहेको पाइएको छ । उनीहरुको कठोर श्रमले उचित मूल्य पाएको छैन । पुर्ख्यौली पेशाले हातमुख जोर्ने समस्याबाट उम्कन दिएको छैन ।

पाउलो फ्रेरेका अनुसार सामाजिक न्यायमा माझीहरुलाई श्रम र अवसरको उचित मूल्य नदिई ठगिराखेको अवस्था छ । यसरी माझीहरुको कमजोर आर्थिक अवस्थाले शिक्षामा नकरात्मक प्रभाव पारेको छ । शिक्षाले साथ नदिएका कारण उनीहरुका कला, कौशल र सीपहरुले पनि आधुनिकिकरण हुने अवसर पाएका छैनन् । नयाँ प्रविधि र उत्मादनमूलक औद्योगिक अवसरले यहाँका माझीहरुलाई सहयोग गर्न सकेको छैन । यसरी सामाजिक न्यायको भेदले माझीहरुलाई शिक्षामा पछाडि पारेको छ । सबैका लागि आधारभूत प्राथामिक शिक्षाको व्यवस्था गर्ने कार्यक्रम चलाइए तापनि माझीहरुको आर्थिक अवस्था माथि उकास्ने प्रयास हुन नसकेका

कारण यसले पूर्ण सफलता पाउन सकेको छैन । उत्पादन र वितरण प्रणालीको असमानताका कारण जातीय विभेदीकरणको वर्गीय असमानताले भूमिहिन, निम्न, श्रमिक वर्गका रुपमा रहेका माझीहरुले शिक्षामा पनि समान अवसर पाउन सकेका छैनन् । यसरी आर्थिक समस्याका कारणले माझीहरु शिक्षाको सहभागितामा अन्य जातिहरुभन्दा पछाडि परेको तथ्य फ्रेरेको सामाजिक न्यायसँग मेल खाने देखिन्छ ।

### ४.२.२ चेतनाको कमी

माझी अभिभावकहरुमा चेतनाको अभावका कारण पनि माझी बालबालिकाको प्रथामिक शिक्षामा सहभागिताको समस्या सिर्जना भएको पाइन्छ । धेरैजसो बाबुआमा निरक्षर र केहि सामान्य साक्षर मात्र भएका कारण माझी केटाकेटीको शिक्षामा उचित ध्यान दिन नसकेको देखिन्छ । जति पढे पनि घरको काम नगरी खान नपाइने हुनाले किन व्यर्थमा समय र लगानी खेर फाल्नु भन्ने सोचका कारण माझी केटाकेटीहरुले पढ्ने कुरालाई धेरै महत्व नदिएको बुझिन्छ । फ्रेरेले भने अनुसार माझीहरुले सर्वप्रथम आफूलाई चिन्न सक्ने सचेतीकरणको शिक्षा पाउन सकेका छैनन् । आफ्नो सामर्थ्य, क्षमता र औकातका बारेमा सचेत हुने अवसर पाएका छैनन् । आफू हेपिएको, ठगिएको, पछाडि पारिएको कुरा राम्रोसँग बुझ्ने गरी सचेत गराउने काम वर्तमान शिक्षा व्यवस्थाले गर्न सकेको छैन । पुस्तौदेखि आफूलाई  खोलाका किनारमा बस्ने, डुङ्गा चलाउने र कमजोर जातिका रुपमा तल्लोस्तरका ठान्दै आएका र माथिल्लो जातिको सेवक बन्नु आफ्नो धर्म र कर्तव्य ठान्ने मानसिकतामा हुर्केका माझीहरुको सोचमा परिवर्तन आउन सकेको देखिदैन । आफ्नो कौशल, सीप र श्रमको उचित मूल्य खोज्न लागी पर्ने र समाजमा आफ्नो  हैसियत खोजी सामाजिक अवसरहरुको उपयोग गर्ने कुरामा उनीहरुलाई सचेत बनाउन सकिएको छैन । उनीहरुलाई कमजोर भावनाबाट मुक्त पार्न र हामी पनि अरु जातिका सरह समाजमा जे पनि गर्न सक्छौ भन्ने भावनाको जगरण गराउने खालको शिक्षा प्रदान गर्न सकिएको छैन । त्यसैले फ्रेरेले भने झै सचेतनाको अभावका कारण वर्तमान औपचारिक शिक्षा पद्धतिले उनीहरुको शिक्षाको सहभागितामा सहयोग गर्न सकेको छैन ।

### ४.२.३ सामाजिक र सांस्कृतिक कारण

अरुको घरमा काम गर्न नगई हातमुख जोर्न नसकिने परिस्थितिले गर्दा अरु जातिले जे गरे पनि मान्नु पर्ने बाध्यता माझीहरुमा रहेको देखिन्छ । यसबाट माझीहरु अन्याय सहन बाध्य रहेको पुष्टि हुन्छ । कमजोर आर्थिक अवस्थाका कारण अर्काको घरमा गई काम गर्नुपर्ने, साह्रो गाह्रो पर्दा उनीहरुसँग सहयोग माग्न जानुपर्ने बाध्यता माझीहरुको रहेको छ । जसको अनुचित लाभ अरु जातिले लिइरहेका छन् । परापूर्वकालदेखि नै अरु जातिलाई आदर सम्मान गर्दै आएका कारण पनि समस्या भएको देखिन्छ । अरु जातिका काममा व्यस्त भई फूर्सद नभएकाले पनि उनीहरुले आफ्ना छोराछारीलाई घरधन्दा र गोठालोको काममा लगाउनु परिरहेको देखिन्छ ।

गाउँघरमा जातपात र उचनीचको भावना अझैसम्म पूर्ण रुपमा समाप्त भई नसकेका कारण माझी अभिभावक आफ्ना छोराछोरीलाई विद्यालय पठाउन हिच्किचाइरहेका छन् । समाजका सामाजिक गतिविधिमा पछि परेका माझी आफ्नो परम्मरागत पेशा डुङ्गा चलाउने, माछा मार्ने र मर्चा बनाउने कार्यमा व्यस्त रहेकाले पनि छोराछोरीको शिक्षामा उचित ध्यान दिन सकेका छैनन् । साना एवम् कमजोर अवस्था भएका जाति भएका कारण सम्म्रान्त जातिका केटाकेटीहरुसँग बसेर पढ्न स्वयम् माझी केटाकेटीहरु हिच्किचाइरहेको तथ्य विद्यालयमा माझी जातिका केटाकेटीहरु-माझ जातिगत घनिष्ठता बढीरहेको छ भन्ने एक जना शिक्षकको भनाइबाट पुष्टि हुन्छ ।

घरायसी वातावरणले पनि माझी केटाकेटिहरुलाई विद्यालयमा गई पठापाठन कार्यमा सक्रिय सहभागी हुन बाधा पुऱ्याईरहेको देखिन्छ । घरायसी काममा बढी व्यस्त रहनु पर्ने भएकाले माझी विद्यार्थीहरु धेरै गयल हुने गरेको समेत देखिन्छ । यसरी विभिन्न कारणले शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुन नसकेका कारण उचित हौसला, प्रेरण, उत्साह र प्रोत्साहन पाउन नसकी माझी केटाकेटीले विद्यालय जान छाडेको तथ्य पनि अध्ययनबाट देखिएको छ ।

फ्रेरेले भने झैं समाजमा भइरहने परिवर्तन अनुसार शैक्षिक प्रक्रियामा पनि परिवर्तन भइरहनु पर्दछ । आर्थिक  र संस्कारगत मनोमालिन्यता जस्ता सामाजिक सांस्कृतिक कारण माझीहरु शिक्षाबाट बाहिरिएका छन् । विद्यालयमा जातीय भेदभाव हुदैन भन्ने प्र.अ., शिक्षक र विद्यार्थीहरुको भनाइ रहे तापनि “राम्रै व्यबहार होला जस्तो लाग्छ, थाहा छैन” भन्ने अभिभावकको भनाइवाट विद्यालयमा जातीय भेदभाव र वर्गीय भेदभाव भएको छैन भनेर ठोकुवा गर्न सक्ने स्थिति देखिदैन् । त्यस्तै जातीय भेदभावको धारणामा पहिले भन्दा अहिले धेरै परिवर्तन आएको छ, भन्ने शिक्षक सजनकुमार माझीको भनाइबाट समाजमा जातीय र वर्गीय भेदभाव निर्मूल हुन  सकेको छैन क्रमश : सुधार हुँदै गएको र अझैं सुधार हुन बाँकी छ भन्ने तथ्य स्पष्ट हुन्छ । त्यसैले भेदभावको भावना हटाई माझी जातिमा शिक्षाको सहभागितामा बृद्धि गर्न वर्तमान शिक्षा व्यवस्थाले सामाजिक न्याय प्रवर्द्धन हुने गरी प्रभावकारी भूमिका खेल्न नसकेको देखिन्छ । साथै माझी जाति भएका आफूहरु पछाडि पारेका तथ्य बुझी सचेत हुन सक्ने सचेतीकरणको शिक्षा नभएकाले पनि उनिहरुको शिक्षाको सहभागितामा समस्या सिर्जना भएको देखिन्छ ।

### ४.२.४ शिक्षा प्रणाली लचक नहुनु

माझी बालबालिकाको  प्राथमिक शिक्षामा सहभागिता सम्बन्धमा वर्तमान शिक्षा पद्धतिको कारणवाट पनि समस्या सिर्जना भएको पाइन्छ । माझी बालबालिकाको शिक्षामा सहभागिता बढाउने सन्दर्भमा वर्तमान शिक्षा व्यवस्थाले आवथ्यक मात्रामा सहयोग पुयाउन नसकेको तथ्य निम्न लिखित कुराहरुबाट जाकारी हुन्छ :

आफना छोराछोरीहरुलाई प्राथमिक तहको शिक्षा पूरा गराउन निरन्तर र नियमित रुपमा विद्यालय पठाउनुपर्ने कुरामा विद्यालयले आवस्यक  प्रेरणा प्रदान गर्न नसकेको,

घरायसी काम धन्दामा बढी समय दिनु परेका कारण विद्यालयमा नियमित उपस्थिति भई शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुने वातावरण नभएको,

घरायसी शैक्षिक वातावरण उपयुक्त नभएको तथा नियमितताको अभावमा गृहकार्य पूरा गर्न नसकी पढाइमा कमजोर हुने परिस्थिति रहेको,

अन्य जातिका विद्यार्थीहरुसँग सहकार्य गर्न स्वयं माझी विद्यार्थीहरु नै हिच्किचाउने मनोवैज्ञानिक समस्या रहेको,

माझी विद्यार्थीहरुको बालमनोविज्ञानको अध्ययन गरी उनीहरुको दबिएको क्षमता, रुची र चाहना बुझी सोही अनुसार शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने परिपाटीको अभाव भएको, विद्यालयका पाठ्यक्रमहरुमा माझीहरुका सीप र श्रमलाई समेटी रुचिकर बनाउन नसकिएको,

पढेलेखेर पनि माझी अग्रजहरु बेरोजगार बस्नुपरेको कारण वितृष्णा सिर्जना भएको,

क्षमता र योग्यता भन्दा पहुँच र भनसुनका आधारमा सरकारी सेवामा प्रवेश पाउने विद्यमान सामाजिक विकृतिका कारण समाजमा पहुँच नभएका माझीहरुले अवसर पाउन नसकेको,

माझी लगायतका पिछडिएका वर्ग र जेहेन्दार विद्यार्थीलाई प्रोत्साहनको कमी, पुरस्कार र आर्थिक सहयोगको अभाव र छात्रवृत्ति सहयोग समेत समयमा पर्याप्त मात्रामा वितरण हुन नसकेको ।

यसरी माझी बालबालिकाहरूको प्राथमिक शिक्षामा सहभागिता न्यून हुनुमा आर्थिक, सामाजिक, सांस्कृतिक, चेतनाको अभाव र शिक्षा प्रणालीको कठोरता नै देखिएको छ । मूलतः शिक्षाप्रतिको जागरण कम देखिएका कारण सचेतना नै हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## ४.३ माझी बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता सम्बन्धी समस्या समाधानका उपायहरु

शोध अध्ययनको क्रममा महेन्द्रनगर गा.वि.स.को प्राथमिक शिक्षामा माझी वर्गको सहभागिताको वर्तमान स्थिति कस्तो छ ? माझी बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता सम्बन्धी समस्याहरु के कसरी समाधान गर्न सकिन्छ ? भन्ने

विषयमा खोजी गरिएको छ । खोजीको क्रममा माझी जातिको समग्र समस्याहरु मुख्य रुपमा गरिबीको जालोमा जेलिएको पाइयो । यसका साथै माझीहरुमा चेतनाको कमी सामाजिक र सांस्कृतिक कारण तथा वर्तमान शिक्षा व्यवस्था र विद्यालयका कमी कमजोरीहरु नै समस्याका कारणहरु देखिए । यस्ता समस्याहरु समाधान गर्न निम्नलिखित उपायहरु अवलम्बन गनुपर्ने अध्ययनबाट देखिन्छ :

**१. आर्थिक अवस्था सुधार्नमा सहयोग गर्ने**

माझीहरुको प्राथमिक शिक्षामा सहभागिता बढाउने प्रमुख उपाएका रुपमा उनीहरुको आर्थिक अवस्था माथि उकास्न सहयोग मिल्ने गरी कार्यक्रमहरु सञ्चालन गरिनुपर्दछ । हातमुख जोर्ने समस्या समाधान नभैकन शिक्षाको समस्या समाधान हुन सक्दैन । माझीहरुलाई विद्यालयमा टिकाइराख्न आयमूलक कार्यक्रम मार्फत उनीहरुको आर्थिक अवस्थामा सुधार ल्याउन आवस्यक छ । यसका लागि स-साना व्यवसायका लागि निरव्याजी ऋण उपलब्ध गराउने, पेशागत सीप सुधारका लागि तालिमको व्यवस्था गर्ने, रोजगारीका लागि माझी आरक्षणको व्यवस्थालाई व्यवस्थित बनाउने, विद्यालयमा अध्ययनरत सबै माझी विद्यार्थीलाई छात्रवृत्तिको प्रभावकारी व्यवस्था गर्ने तथा छात्रवृत्तिको रकम बढाउनुपर्ने जस्ता कार्यक्रमहरु सञ्चालन गरिनु पर्ने देखिन्छ ।

**२. माझीहरुमा चेतना जागरण गराउने**

वर्तमान शिक्षाप्रतिको नकारातमक सोचमा परिवर्तन ल्याउन आवस्यक छ । शिक्षा केवल रोजगारी र व्यवसायका लागि होइन । प्राथमिक तहको साक्षरता शिक्षा मानिसको आदारभूत आवश्यकता हो भन्ने अवधारणा माझीहरुमा जागृत गराउनु पर्ने देखिन्छ । अनौपचारिक शिक्षा कार्यक्रम अन्तरगत आम अभिभावकलाई अभिमुखिकरण गर्ने सचेतीकरणको शिक्षा दिनुपर्ने देखिन्छ । माझीहरुका इच्छा, आकांक्षा, चाहना र आवश्यकताका आधारमा सहभागितामूलक शिक्षण पद्धतिबाट चेतना जागरण गराउनु पर्दछ ।

### ३. सामाजिक सांस्कृतिक जागरण ल्याउने

परम्परागत अन्धविश्वास, रुढीवादी र हीनताको भावनालाई समाजबाट निर्मूल गर्न सामाजिक सांस्कृतिक जागरण ल्याउनु पर्दछ । गाउँघरमा माझीहरुलाई हेर्ने व्यवहारमा परिवर्तन ल्याई समावेशी एवम सहभागितात्मक दृष्टिकोणको विकास गरिनु पर्दछ । माझीहरुको सोचमा परिवर्तन ल्याउन सामाजिक सांस्कृतिक दृष्टिकोणमा परिवर्तन आवश्यक देखिन्छ । यसका लागि व्यापक रुपमा जनचेतना जागरणमूलक कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ ।

### ४. पाठ्यक्रममा परिमार्जन

माझी जातिका आफ्ना परम्परागत व्यवसाय र पेशामा प्रत्यक्ष लाभ पुऱ्याउने खालको वातावरण सिर्जना गर्न विद्यालयको पाठ्यक्रममा उनीहरुको सीप र प्रविधिलाई फाइदा पुऱ्याउने खालका विषयवस्तुहरु समावेश गराइनुपर्दछ । साथै पाठ्यक्रममा सकेसम्म माझी विद्वानहरुको उदाहरण र जिवनीलाई समावेश गरिनुपर्दछ । साथै शिक्षालाई सैद्धान्तिक र आदर्शमूलकको सट्टा बढी व्यावहारिक तथा जीवनोपयोगी बनाउने गरी पठ्यक्रममा संशोधन गरिनु पर्दछ ।

### ५. शिक्षण-सिकाइ क्रियाकलापमा सुधार गर्ने

माझी बालबालिकाहरुलाई निरन्तर प्रोत्साहन र हौसला प्रदान गरी शिक्षण सिकाइ सञ्चालन गरिनु पर्दछ । माझी विद्यार्थीलाई शिक्षण-सिकाई क्रियाकलपमा बढी सहभागी बनाउन शिक्षकहरुले विशेष ध्यान दिनु पर्दछ । माझीहरुका बाध्यता र विवशता बुझी सोही अनुसार शिक्षण गरिनु पर्दछ । सकेसम्म उनीहरुको फुर्सदको समयलाई विचार गरी सोही अनुसार शिक्षण-सिकाइ कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

### ६. माझी शिक्षकको व्यवस्था गर्ने

माझी विद्यार्थीलाई प्रेरणा एवम् हौसला दिन हरेक विद्यालयमा कम्तिमा एक जना माझी शिक्षकको व्यवस्था गरिनु पर्दछ । यसरी माझी शिक्षकको

व्यवस्था गरेमा माझी बालबालिकाहरुको इच्छा, चाहना, आवश्यकता बुझी सोही अनुसार पठनपाठन गर्न सजिलो पर्ने हुन्छ ।

**७. माझी विद्यार्थीलाई प्रोत्साहन**

परीक्षामा राम्रो नतिजा प्राप्त गर्ने, विद्यालयममा बढी उपस्थित हुने लगायतका विद्यालयका विभिन्न शैक्षिक क्रियाकलापमा राम्रो स्थान प्राप्त गर्ने माझी विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरेर माझी जातिको प्राथमिक शिक्षामा सहभागिता बढाउन सकिन्छ ।

**८. अन्य उपायहरु**

माथिका उपायहरुका अतिरिक्त दिवा खाजाको व्यवस्था, शिशु स्याहार केन्द्रको व्यवस्था, एक परिवार एक रोजगारको व्यवस्था, शिक्षक अभिभावक अन्तरक्रिया जस्ता कार्यक्रमहरुबाट पनि माझी जातिका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता सम्बन्धी समस्याहरु समाधान गर्न सकिने देखिन्छ ।

अध्ययन क्षेत्रका प्राथमिक उमेर समूह (५-९वर्ष)का माझी केटाकेटीहरुमध्ये १२.८६ प्रतिशत विद्यार्थी विद्यालयमा नगएका र ८७.१३ प्रतिशत विद्यार्थी विद्यालय गइरहेका देखिन्छ । भर्ना भएका जम्मा विद्यार्थीहरुमध्ये माझी विद्यार्थी ११.८७ प्रतिशत र अन्य विद्यार्थी ८८.१३ प्रतिशत रहेको छन् । कक्षा १ मा १५.५ प्रतिशत कक्षा २ मा ११.३ प्रतिशत, कक्षा ३ मा १०.०६ प्रतिशत, कक्षा ४ मा १२.१७ प्रतिशत र कक्षा ५ मा ९.८ प्रतिशत माझी विद्यार्थी भर्ना भएको देखिन्छ, यसबाट तल्ला कक्षाहरुको तुलनामा माथिल्ला कक्षाहरुमा माझी विद्यार्थीहरुको अनुपात घट्दै गएको देखिन्छ । कक्षा छाड्ने माझी बालबालिका ११.३६ प्रतिशत र अन्य बालबालिका २.६६ प्रतिशत देखिएको छ, कक्षा दोहोऱ्याउने माझी बालबालिका १४.७७ प्रतिशत अन्य बालबालिका १०.४१ प्रतिशत रहेको पाइयो । जम्मा माझी बालबालिका मध्ये ७३.८६ प्रतिशत उर्त्तीण भएको देखिन्छ भने अन्य बालबालिका मध्ये ८६.७६ प्रतिशत उर्त्तीण भएको देखिन्छ । यसरी अन्य बालबालिकाको तुलनामा माझी बालबालिकाको उर्त्तीण प्रतिशत कम देखिन्छ । समग्रमा कक्षा

छाड्ने, दोहोऱ्याउने र अनुत्तीर्ण हुनेमा अन्य विद्यार्थी भन्दा माझी विद्यार्थीको प्रतिशत बढी रहेको देखिन्छ ।

प्राथमिक शिक्षामा माझीहरुको सहभागिता सम्बन्धी समस्याका प्रमुख कारण गरिवी रहेको पाइयो । कमजोर आर्थिक अवस्था भएको, मजदुरी, परम्परागत कृषि र जातीय पेशामा संलग्न रहनु परेका कारण पढाइमा उचित ध्यान दिन नसक्नु जस्ता बाध्यताले केटाकेटी विद्यालय जानबाट बञ्चित रहेको पाइयो । आफूलाई चिन्न सक्ने, आफ्नो सामर्थ्य, क्षमता र औकातको बारेमा सचेत हुने सचेतीकरणको शिक्षाको अभावका कारण माझीहरुमा चेतनाको कमी भएकाले पनि माझी जातिको प्राथमिक शिक्षामा सहभागिता कम भएको देखिन्छ ।

# परिच्छेद पाँच : निष्कर्ष तथा सुझावहरु

यस अध्ययनबाट प्राप्त तथ्याङ्कहरूलाई विश्लेषण गर्दा माझी जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा सहभागिता सम्बन्धी विषयमा निम्न निष्कर्षहरू निकालिएको छ । त्यसका साथै निष्कर्षहरूलाई प्रयोगसम्म पुऱ्याउन सुझावहरू समेत सुझाइएको छ ।

## ५.१ निष्कर्ष

माझी बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता शीर्षकमा गरिएको यस अनुसन्धानबाट निम्नानुसारका निष्कर्षहरु निकालिएको छ :

विभिन्न सरकारी प्रयासहरुका बावजुद पनि अन्य जातिको तुलनामा माझी जातिको प्राथमिक शिक्षामा सहभागिता कम रहेको पाइयो । आर्थिक समस्या, सामाजिक भेदभाव, चेतनाको कमी तथा शिक्षा पद्धति लचक नभएकाले माझी बालबालिकाको शिक्षाको सहभागितामा अवरोध सिर्जना गरेको देखियो ।

माझीहरूको घरायसी पृष्ठभूमि हेर्दा सामाजिक परम्परा र आर्थिक अभावका कारणले विद्यालयमा माझी बालबालिकाको सहभागितामा कमी देखियो तर अहिले समयको परिवर्तनसँगै उनीहरूमा पनि पढ्नुपर्छ भन्ने भावना विकास भएको, अभिभावकहरूमा पनि छोराछोरी पढाउनु पर्दछ भन्ने भावनाको विकास भएको पाइएको छ ।

अझै पनि माझी अभिभावकमा चेतनाको कमीले गर्दा छोराछोरीलाई भेदभाव गर्ने प्रचलन रहेको पाइएको छ ।

माझी बस्तीकै नजिक-नजिक विद्यालय रहँदा पनि माझी छात्रछात्राहरू न्यून सङ्ख्यामा विद्यालयमा देखिनुमा आर्थिक, घरायसी, सामाजिक, सांस्कृतिक कारणहरूले प्रभाव पारेको देखियो ।

विद्यालयमा अध्ययनरत छात्रछात्राहरू पनि नियमित रूपमा विद्यालयमा नगएको, बारम्बार असफल भएको र सफल भए पनि शैक्षिक सहभागिता ज्यादै न्यून रहेको पाइएको छ ।

## ५.२ सुझावहरु

शोधपत्र तयारीका सिलसिलामा गरिएको अध्ययन अनुसन्धानको आधारमा माझी जातिको प्राथमिक शिक्षामा सहभागिता अभिवृद्धि गर्न नितिगत तह, अभ्यास तह र अनुसन्धान तहका लागि निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छ :

### नितिगत तहका लागि सुझावहरु

माझी बालबालिकाको पढाइ खर्च सरकारले व्यहोर्न सकेमा पनि बालबालिकालाई विद्यालयमा नियमित गराउन सकिने देखिन्छ ।

पाठ्यक्रम विकास केन्द्रले मातृभाषामा शिक्षाको व्यवस्था गरेमा माझी बालबालिकाहरूको शैक्षिक सहभागिता बढाउन सकिने देखिन्छ ।

नेपाल सरकारले माझी बालबालिकाका अभिभावकहरूलाई प्राविधिक सीपको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

नेपाल सरकारले एक परिवार एक रोजगार व्यवस्था गर्नुपर्ने देखिन्छ ।

शिक्षा विभागले माझी अभिभावकहरूलाई वैकल्पिक शिक्षाका लागि प्रौढ शिक्षा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### अभ्यास तहका लागि सुझावहरु

अनौपचारिक शिक्षाको कार्यक्रम मार्फत माझीहरुको चेतनास्तर उकास्ने कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।

माझीहरुमा भएको पेशागत सीपलाई तालिमको माध्यमबाट आधुनिकीकरण गरी जीवनस्तर उकास्न सहयोग गर्नुपर्दछ । साथै माझी जातिको श्रम र सीपको उचित कदर गरिनुपर्दछ ।

विद्यालयमा शिक्षकहरूले माझी बालबालिकाहरुलाई हरहमेशा उत्प्रेरणा, हौसला र प्रोत्साहन प्रदान गरी शिक्षण सिकाइमा सक्रिय सहभागी गराउनुपर्दछ ।

माझी बालबालिकालाई विद्यालयमा नियमित गराउँन पौष्टिक आहार, छात्रवृत्ति, पोशाक र खाजाको व्यवस्था गर्न सकेमा उनीहरूलाई उत्प्रेरणा मिली विद्यालय आउने वातावरण देखिन्छ ।

अनिवार्य प्राथमिक शिक्षाको ब्यवस्था सैद्धान्तिक रुपमा मात्र नभई ब्यावहारिक रुपमा कार्यान्वयन गरिनुपर्दछ ।

सम्पूर्ण सरोकारवालाहरूले मानव अधिकारको रुपमा रहेको आधारभूत शिक्षा सामाजिक न्याय हुने गरी सबै नागरिकले पाउनुपर्ने कुरामा जनचेतना जागृत गराउनुपर्दछ ।

**अनुसन्धान तहका लागि सुझावहरु**

माझी समुदायको आर्थिक, सामाजिक स्थितिका बारेमा विस्तृत खोज अनुसन्धान गरिनु पर्दछ ।

माझी जातिको पेशागत परिवर्तन, कारण, असर र समाधानका उपायहरूको अनुसन्धान गरिनु पर्दछ ।

माझी समुदायको सांस्कृतिक एवम् भाषिक स्थितिका बारेमा विस्तृत खोज अनुसन्धान गरिनु पर्दछ ।

माझी समुदायको इतिहास, आगमन र पुर्ख्यौली थलोका सम्बन्धमा विस्तृत खोज अनुसन्धान गरिनु पर्दछ ।

# सन्दर्भ सूची

थपलिया, भोजराज (२०६५),बोटे जाति एक परिचय, सिर्जना प्रिन्टर्स, काठमाण्डौं ।

गुरुङ्ग, डा. हर्क, (सन २००६) जनजाति सेरोफेरो, आदिवासि जनजाति महासंघ ललितपुर ।

घर्ती, मगर, झकेन्द्र र माझी, धनबहादुर (२०६८), माझी जातिको चिनारी, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, जावलखेल, ललितपुर ।

सबैको लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१ - २०१५) तथा मुख्य दस्तावेज (२००४-२००९), काठमाण्डौं, शिक्षा तथा खेलकुद मन्त्रालय, केसरमहल ।

विष्ट, डोरवहादुर(सन् २००५), सबैजातको फूलवारी, हिमाल एसोसिएसन, ललितपुर ।

माझी, धनबहादुर (२०६३), माझी जातिको संस्कार र संस्कृति, माझी विकास तथा अनुसन्धान परिषद, नेपाल ।

शर्मा, चिरञ्जिवी (२०६१, २०६३, २०६५, २०६८), शिक्षाको आधार, एम.के. पब्लिसर्स, काठमाण्डौ ।

रेग्मी, खुलानाथ (२०६६), दलित बालबालिकाको प्राथमिकता शिक्षामा पहुँच, (अप्रकाशित शोध), मोरङ्ग, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर ।

अधिकारी, विष्णु प्रसाद, (२०६७) विद्यालय निरीक्षक द्धिग्दर्शन, बगबजार, काठमाण्डौं, आशिष पुस्तक भण्डार ।

खनाल, पेशल, (२०६५), शैक्षिक अनुसन्धान पद्धति, किर्तिपुर, काठमाण्डौं, सनलाइट पब्लिकेशन ।

डाँगी, लक्ष्मीनारायण (२०६८), माझी जातिको पेशागत परिवर्तन, (अप्रकाशित शोध) विराटनगर, स्नातकोत्तर क्याम्पस विराटनगर ।

तामाङ्ग, तेजबहादुर (२०६८), प्राथमिक विद्यालय जाने तामाङ्ग बालबालिकाको सहभागिता र उपलब्धी, (अप्रकाशित शोध), काठमाण्डौं, महेन्द्ररत्न क्याम्पस, ताहचल ।

थापा, गोर्खबहादुर (२०५८), सुनसरी जिल्लाको प्राथमिक विद्यालयमा सिमान्तकृत समुदायको शैक्षिक स्थितिमा प्रभाव पार्ने तत्वहरु, एक अध्ययन (अप्रकाशित शोध), काठमाण्डौं, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

नेपालको अन्तरिम संविधान(२०६३), काठमाण्डौं, कानुन न्याय तथा संसदीय व्यवस्था
मन्त्रालय, कानुन किताव व्यवस्था समिति, रामशाहपथ ।

शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९, काठमाण्डौं, कानुन किताब व्यवस्था
समिति, रामशाहपथ ।

सबैको लागि शिक्षाको सन्दर्भमा निशुल्क तथा अनिवार्य प्राथमिक शिक्षा अनुसन्धान
प्रतिवेदनहरुको सार संक्षेप-३, (२०६१), काठमाण्डौं, शिक्षा विकास तथा
अनुसन्धान केन्द्र, फर्मेटिभ अनुसन्धान परियोजना ।

वृहत नेपाली शब्दकोष, (२०६०), नेपाल प्रज्ञाप्रतिष्ठान, काठमाण्डौं ।

माझी, सोमबहादुर, (२०६३), मोडने डोडन, प्रिनटेक छापाखाना, मैतीदेवी काठमाण्डौं

माझी विद्रोह (२०६३), माझी राष्ट्रिय मुक्ति मोर्चा, डिल्लीबजार, काठमाण्डौं ।

सबैको लागि शिक्षा कार्यक्रम, (२००४-२००९)बुलेटिन, भक्तपुर, शिक्षा विभाग, शैक्षिक
सामाग्री व्यवस्थापन शाखा सानोठिमी ।

## माझी समुदायका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता

## अनुसूची-१ र २

### प्र.अ./शिक्षकका लागि प्रश्नावली

प्र.अ./शिक्षकको नाम.............................................................. शैक्षिक योग्यता .................................... विद्यालय....................................... शिक्षण अनुभव वर्ष.......................... स्थायी/अस्थायी............................. तह.....................

१. विद्यालयको सेवा क्षेत्रमा जातिगत जनसंख्याको स्थिति कस्तो छ ?

.....................................................................................

२. माझी जातिको विद्यार्थी सहभागिता प्रतिशत कस्तो र कति छ ?

.....................................................................................

३. विद्यालयमा कुन जातिका विद्यार्थीहरुको भर्नादर बढी छ ?

.....................................................................................

४. सबभन्दा कम भर्नादर कुन जातिको होला ?

.....................................................................................

५. सबै अभिभावकले आफ्ना नानीहरुलाई विद्यालय पढाउन नसक्नुका कारणहरु के-के हुन ?

.....................................................................................

६. कक्षा शिक्षणमा कुन जातिका विद्यार्थीहरुको सक्रियता बढी छ ?

.....................................................................................

७. कुन जातिका विद्यार्थी बढी उपस्थित हुन्छन् ?

.....................................................................................

८. माझी विद्यार्थीप्रति अन्य विद्यार्थीको व्यवहार कस्तो पाउनु भएको छ ?

.....................................................................................

९. विद्यालय भर्ना, उपस्थिति र शिक्षण सिकाई कियाकलापमा जातीय र वर्गीय विभेदले असर पारेको छ कि छैन ? छ भने कस्तो असर छ ?

.....................................................................................

१०. जातीय विभेदको स्थिति कस्तो छ ?

.....................................................................................

११. प्र.अ. का हैसियतले माझी वालवालिका लाई विद्यालयमा ल्याउन के-के गर्नुपर्ला ? यसमा तपाईंको योगदान के हुन सक्छ ?

.....................................................................................

## अनुसूची - ३

## वि.व्य.स.का पदाधिकारीहरुका लागि प्रश्नावली

पदाधिकारीको नाम :-...............................

विद्यालयको नाम :-...............................

ठेगाना :-...............................

१. तपाईको विचारमा शिक्षा कस्तो हुनु पर्छ ?

...............................................................................

२. के उद्देश्य राखेर बि.य.स. मा आउनु भयो ?

...............................................................................

३. शिक्षामा समान ब्यावहार गर्न के गर्नु पर्दछ ?

...............................................................................

४. तपाईको विद्यालयमा जातीय विविधता कस्तो छ ?

...............................................................................

५. माझी बालबालिकालाई के अवसर र सुविधा दिने नीति बनाउनु भएको छ ?

...............................................................................

६. तपाईको विद्यालयको सेवा क्षेत्रभित्र माझीहरुको बसोबासको अवस्था कस्तो छ ?

...............................................................................

७. विद्यालयको सेवा क्षेत्रका सबै माझी वालवालिका विद्यालय आएका छन् ?

...............................................................................

८. विद्यालयमा कार्यरत शिक्षकहरुलाई समता र समानताका लागि कसरी सहजीकरण गर्नु भएको छ ?

...............................................................................

९. शिक्षाबाट बञ्चित रहेका माझी बालबालिकालाई कसरी विद्यालय सम्म ल्याउने योजना बनाउनु भएको छ ?

...............................................................................

१०. सबै बालबालिका लाई विद्यालयमा ल्याउने कार्य सरकारको हो कि तपाई-हाम्रो पनि हो ?

...............................................................................

११. सरकारले के गरिदिएमा माझी समुदायका बालबालिका सहजै विद्यालय भर्ना होलान जस्तो लाग्छ ?

...............................................................................

# अनुसूची-५

## माझी विद्यार्थीहरुका लागि प्रश्नावली

विद्यार्थीको नाम :-..............................
कक्षा :-..................................
विद्यालयको नाम :-..........................

१. तिमी कति कक्षामा पढ्छौ ?

.................................................................................

२. तिम्रो बुबा-आमा के काम गर्नु हुन्छ ?

.................................................................................

३. बुबा-आमाले कति पढ्नु भएको छ ?

.................................................................................

४. तिमी सधैं विद्यालय आउँछौ ?

.................................................................................

५. तिमीलाई कसले विद्यालयमा पढ्न पठायो ?

.................................................................................

६. घरमा के काम गर्छौ ?

.................................................................................

७. घरमा कति समय पढ्छौ ?
(क) १ घण्टा (ख) २ घण्टा (ग) ३ घण्टा (घ) ४ घण्टा

८. विद्यालयका साथीले तिमीलाई कस्तो व्यावहार गर्दछन् ?

.................................................................................

९. शिक्षकले कस्तो व्यावहार गर्नु हुन्छ ?

.................................................................................

१०. विद्यालयले पढाइ खर्च व्यहोरेको छ कि छैन ?

.................................................................................

११. सँधै विद्यालय आउन मन लाग्छ कि लग्दैन ?

.................................................................................

१२. तिम्रा गाउँका सबै केटाकेटी विद्यालय आउँछन् ?

.................................................................................

१३. तिम्रा गाउँघरमा विद्यालय बीचमै छाड्ने केटाकेटी छन् ?

.................................................................................

१४. किन बीचमै विद्यालय छोड्नु परेको होला ?

.................................................................................

१५. त्यसरी पढाइ छाड्नेलाई कसरी विद्यालयमा ल्याउन सकिएला ?

.................................................................................

## अनुसूची - ६

## विद्यालय नगएका माझी बालबालिकाका लागि मौखिक प्रश्न

१. तिमी कहिल्यै विद्यालय गयौ कि गएनौ ?
२. तिमीलाई पढ्न रहर लाग्दैन ?
३. तिमी घरमा के काम गर्छौ ?
४. अरु पढ्न गएको देख्दा पढ्न जान पाए हुन्थ्यो जस्तो लाग्दैन ?
५. स्कुलले के गरेको भए तिमी पढ्न जाने थियौ ?
६. तिम्रो आमा-बुबाले पढ्न जानु पर्छ भन्नु भएन ?
७. पढ्न राम्रो कि नपढ्नु ?
८. के भए पढ्न जान्छौ ?

## अनुसूची–७

## नपूना छनौटमा परेका विद्यालयहरु

| क.स | विद्यालयको नाम र ठेगाना |
|---|---|
| १. | श्री महेन्द्र मा.वि., तित्रिगाछी, महेन्द्रनगर-४, सुनसरी |
| २. | श्री प्राथमिक विद्यालय, म.न.४, सुनसरी |
| ३. | श्री सप्तकोशी प्रा.वि., म.न ६, सुनसरी |

## अनुसूची–८

## नमूना छनौटमा परेका प्र.अ., शिक्षकको नामावली

| क.स | नाम | | प्र.अ./शिक्षक | | विद्यालयको नाम |
|---|---|---|---|---|---|
| १. | गोविन्दप्रसाद दहाल | – | स.प.अ. | – | श्री महेन्द्र मा.वि, तित्रिगाछी |
| २. | गोविन्दप्रसाद काफले | – | शिक्षक | – | श्री महेन्द्र मा.वि, तित्रिगाछी |
| ३. | फिरोज धिमिरे | – | शिक्षक | – | श्री महेन्द्र मा.वि, तित्रिगाछी |
| ४. | पुरुषोत्तम भण्डारी | – | प्र.अ. | – | श्री प्राथमिक विद्यालय, म.न ४ |
| ५ | लक्ष्मीप्राद गड्तौला | – | शिक्षक | – | श्री प्राथमिक विद्यालय, म.न ४ |
| ६. | भीमप्रसाद रिजाल | – | प्र.अ. | – | श्री सप्तकोशी प्रा.वि., मा.वि ४ |
| ७ | सजनकुमार माझी | – | शिक्षक | – | श्री सप्तकोशी प्रा.वि., मा.वि ४ |

# अनुसूची–९
## छनौटमा परेका माझी विद्यार्थीहरुको नामावली

| क.स | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम |
|---|---|---|---|
| १. | विष्णु माझी | ५ | श्री महेन्द्र मा.वि, तित्रिगाछी म.न. ४ |
| २. | अप्सरा माझी | ५ | श्री महेन्द्र मा.वि, तित्रिगाछी म.न. ४ |
| ३. | मनिषा माझी | ५ | श्री सप्तकोशी प्रा. वि., म.न. ६ |
| ४ | रोजिना माझी | ३ | श्री सप्तकोशी प्रा. वि., म.न. ६ |
| ५ | सविता माझी | ३ | श्री प्राथमिक विद्यालय म.न. ४ |
| ६ | मदन माझी | ४ | श्री प्राथमिक विद्यालय म.न. ४ |

# अनुसूची –१०

## नमूना छनौटमा परेका विद्यालय नगएका माझी बालबालिकाको नामावली

| क.स | नाम | | ठेगाना |
|---|---|---|---|
| १. | गोविन्द माझी | – | म.न. ४ |
| २. | विना माझी | – | म.न. ४ |
| ३. | सविता माझी | – | म.न. ६ |
| ४. | मिलन माझी | – | म.न. ६ |
| ५. | निशा माझी | – | म.न. ४ |
| ६. | गोपाल माझी | – | म.न. ६ |

## अनुसूची –११
## नमूना छनौटमा परेका माझी अभिभावकहरुको नामावली

| क.स | नाम | | ठेगाना |
|---|---|---|---|
| १. | पदम बहादुर माझी | - | म.न. ४ |
| २. | श्याम बहादुर माझी | - | म.न. ४ |
| ३. | बुधमाया माझी | - | म.न. ४ |
| ४. | आइतकुमारी माझी | - | म.न. ४ |
| ५. | ध्वोजबहादर् माझी | - | म.न. ६ |
| ६. | सुकदेवी माझी | - | म.न. ६ |

# अनुसूची-१२
## नपूना छनौटमा परेका वि.व्य.स पदाधिकारीहरुको नामावली

| क.स | नाम | | वि.व्य.स.को पद | | विद्यालय |
|---|---|---|---|---|---|
| १. | होमकूमारी श्रेष्ठ | – | अध्यक्ष | – | श्री महेन्द्र मा.वि., म.न. ४ |
| २. | पदम बहादुर माझी | – | सदस्य | – | श्री महेन्द्र मा.वि., म.न. ४ |
| ३. | हरिस मण्डल | – | अध्यक्ष | – | श्री प्राथमिक विद्यालय, म.न. ४ |
| ४. | भवानि प्र. निरैरा | – | सदस्य | – | श्री प्राथमिक विद्यालय, म.न. ४ |
| ५. | मेदनी प्रसाद रिजाल | – | सदस्य | – | श्री सप्तकोशी प्रा.वि., म.न. ६ |
| ६. | नानीमैया माझी | – | सदस्य | – | श्री सप्तकोशी प्रा.वि., म.न. ६ |